अन्तिम लेखापरीक्षण प्रतिवेदन

रंगेली नगरपालिका
मोरङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

रंगेली नगरपालिका

मोरङ

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

रंगेली नगरपालिका

मोरङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

तोयम राया

जेष्ठ, २०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल/काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १४०

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री नगर प्रमुख ज्यू ,

रंगेली नगर कार्यपालिकाको कार्यालय,

मोरङ्ग ।

१. **कैफियत सहितको राय** — हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ४६ लाख ९० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ८३ लाख ३८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३५ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ९ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ६ लाख ८१ हजार र पेश्की बाँकी रू.२० लाख ९० हजार समेत रू.४ करोड ६३ लाख ५२ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रू.१७ करोड ७४ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.१५ करोड ८८ लाख ६० हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३.	यस पालिकाको विशेष व्यहोरा वित्तीय विवरणसँग प्रत्यक्ष सम्बन्ध छ भने समावेस गर्ने र नभएमा २.३ हटाइ तलको निम्नानुसार व्यहोरा कायम नै गर्ने

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्‍वस्त छौं।

३.	**अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४.	**वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५.	**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्तालि सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

रंगेली पालिका,

मोरङ्ग जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
१००	१४२	५४६९०	०	३०	८३३८	१००	११२	४६३५२	३५७३	२०६८१	२०००९	०	०	४०६८९	२०९०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मोरङ्ग	१७७४५७	०	६४९४९	११२५०८	०	४६३५२	१५८८६०

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)			
१		२८	पेश्की फस्यौंट गरी बेरुजू फस्यौंट	३१४००
२		३५	प्रमाण पेश गरी बेरुजू फस्यौंट	१७१००००
३		५५	प्रमाण पेश गरी बेरुजू फस्यौंट	५१२५००
४		५६	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	८५००
५		५७	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	१८२३२
६		५८	प्रमाण पेश गरी बेरुजू फस्यौंट	२००००
७		५९	प्रमाण पेश गरी बेरुजू फस्यौंट	५००००
८		६२	प्रमाण पेश गरी बेरुजू फस्यौंट	६५००००
९		६३	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	४०००
१०		७३	प्रमाण पेश गरी बेरुजू फस्यौंट	१६५५९३
११		८१	प्रमाण पेश गरी बेरुजू फस्यौंट	१५२२७५
१२		८२	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	११३७५
१३		९०	प्रमाण पेश गरी बेरुजू फस्यौंट	१५०६४०१
१४		९९	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	६३६२१८
१५		१०५	प्रमाण पेश गरी बेरुजू फस्यौंट	११३९५९२
१६		१०८	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	१३५६००
१७		११०	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	६४२९१

१८		११४.१	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	३८९७३४
१९		११४.२	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	१२६६६४
२०		११६	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	५४३३३
२१		१२१.५	प्रमाण पेश गरी बेरुजू फस्यौंट	२९२७९७
२२		१२१.६.१	प्रमाण पेश गरी बेरुजू फस्यौंट	९५१५९
२३		१२२	प्रमाण पेश गरी बेरुजू फस्यौंट	१८५०००
२४		१२६.४	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	३५१८०५
२५		१२७.२	असुल दाखिला प्रमाण पेश गरी बेरुजू फस्यौंट	२६४५७
	चालु वर्षको जम्मा			**८३,३७,९२६।००**
	गत विगत वर्षतर्फको			
१	**२०७८।७९**	विभिन्न	मिति २०८० देखि २०८१।२।३ सम्मको विभिन्न मितिमा सम्परीक्षण भएको	४,५३,७८,६१२।००
२	**२०७७।७८**			-
३	**२०७६।७७**			-
४	**२०७४।७५**	विभिन्न	मिति २०८० देखि २०८१।२।३ सम्मको विभिन्न मितिमा सम्परीक्षण भएको	८३,०६,०८५।००
५	**२०७३।७४**	विभिन्न	मिति २०८० देखि २०८१।२।३ सम्मको विभिन्न मितिमा सम्परीक्षण भएको	१,१२,६४,७४९।००
	गत विगतको जम्मा			**६,४९,४९,४४६।००**
	कुल जम्मा			**७,३२,८७,३७२।००**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचयः**

(क) रंगेली नगरपालिकाको परिचय - स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।१७ देखि २०८०।१०।०७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको विनियोजनतर्फ रू. ०, राजश्वतर्फ रू. ०, धरौटीतर्फ रू. ०, अन्य कारोबारतर्फ रू. ०, आय -व्ययतर्फ रू. २,१८,७७,५१,५२६।३४, सम्पत्ति तथा दायित्व तर्फ रू. ० को गरी जम्मा रू.२,१८,७७,५१,५२६।३४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.१४८९२४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रू.
१	कर्मचारीहरुलाई कार्यपालिकाको बैठक भत्ता	४९३००
२	प्रोत्साहत भत्ता बढी भुक्तानी	३७१२५
३	हेम गुरुङ्गलाई बढी भुक्तानी असुल गरी दाखिला भएको	६५८२
४	दोहमाना पशुहाटको अग्रिम कर असुल भै दाखिला भएको	४०५९३
५	दाहाल सप्लार्यसलाई बढी भुक्तानी असुल भएको	४८४३
६	इमोन राईको पारिश्रमिक कर असुली भएको	१०४८१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी	२०५७६६९२५.४८	१	चालु खर्च	४६२२१३५५२.१६
	क) संचित कोष	१६५९००८८४.९	२	पूँजीगत खर्च	३७९१६५४८६।००
	ख) धरौटी खाता	२८२६३७२०.४३	३	वित्तीय व्यवस्था भुक्तानी	०
	ग) विविध खर्च खाता/कोष	३५००00		क) ऋण भुक्तानी	
	घ) प्रकोप व्यवस्थापन कोष	२५८९५६७.१४		ख) ब्याज भुक्तानी	

	ङ)स्थानिय तह विविध कोष खाता	८६६२७५३			
२	राजस्व (आन्तरिक आय)	१५६३४८८६७.९८	४	लगानी	
	क) आन्तरिक राजस्व	३६७५०३७३.९८		ऋण लगानी	०
	ख) संघीय राजस्व बाँडफाँड	८६७२९३३८.८१		शेयर लगानी	०
	ग) प्रदेश सवारीसाधन कर	७३६०११९.७९		अन्य लगानी	०
	घ) घर जग्गा रजिष्ट्रेशन कर	२३६६४१३४.४	५	विभिन्न कोषतर्फको खर्च	४९७१७२३६.४
	ङ) बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	१८४४९०१		क) विविध खर्च खाता/कोष	१९३६१८
३	वित्तीय हस्तान्तरण संघ	५०१०००० ९९.६०		ख) प्रकोप व्यावस्थापन कोष	२३४०८१९
	क) वित्तीय समानीकरण अनुदान	१५४९३७५००		ख) धरौटीफिर्ता	११८८८६४८
	ख) सशर्त अनुदान	३३४१९३४६४.६		ग) स्थानीय तह विवध कोषखाता	३५२९४१५१.४
	ग) समपूरक अनुदान	६८६८१३५	६	जनश्रमदान फिर्ता	
	घ) विशेष अनुदान	५००००००			
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	४९८५०२६३.	७	अनुदान फिर्ता	३०२५८२६२
	क) वित्तीय समानीकरण अनुदान	८१८२१२५		क) संघीय सरकार तर्फ फिर्ता	२८७५३४००
	ख) सशर्त अनुदान	३१६६८१३८		ख) प्रदेश सरकार तर्फ फिर्ता	१५०४८६२
	ग) समपुरक अनुदान	१००००००००	८	अन्तर स्थानिय तहबाट खर्च	२३०३७९७६३
	घ) विशेष अनुदान	०		सामाजिक सुरक्षा	२१९३७९७६३
५	अन्तर स्थानीय तहबाट प्राप्त	२३०३७९७६३		स्थानिय तह प्रशासकिय भवन पुर्बाधार बिकास	११००००००
	क सामाजिक सुरक्षा	२१९३७९७६३	९	मौज्दात	९००४९८५१.९
	ख) गरिव संग विश्वेश्वर	०		क) सञ्चित कोष खाता	४४४२४०९३.३३
	ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	०		ख) चालु खर्च खाता	
	घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम	०		ग) पुजिगत खर्च खाता	
	ङ) स्थानीय तह प्रशासकियभवन पुर्वाधार विकास	११००००००		घ) धरौटी खाता	३२७८७६९३.४३

६	अन्य	०		ङ) प्रकोप व्यावस्थापन कोष	२४८७४८.१४
	क) क्षेत्रीय शहरी विकास योजना	०		च) विविध खर्च खाता/कोष	५८२८३५९
	ख) सडक बोर्ड नेपाल	०		छ. स्थानिय तह विविध कोष खाता	६७६०९५८
	ग) पर्यटन बोर्ड नेपाल		१०	जनश्रमदान मौज्दात	०
	घ) एन एन एस डब्लु ए	०			
७	विभिन्न कोषतर्फको आय	८५७३५७३२.८			
	क) विविध खर्च खाता/कोष	६०६८८५३०			
	ख) प्रकोप व्यावस्थापन कोष	०			
	ग) धरौटी आय	१८४४२६२७			
	घ) स्थानीय तह विवध कोषखाता	६६०४५७५.८			
८	विषयगत निकायबाट प्राप्त				
९	जनसहभागिता (नगद)				
१०	लगानीको साँवा फिर्ता				
११	जिल्ला समन्वय समिति मोरङ	१२७०२५००			
	जम्मा	१२४१७८४१५१.८६		**जम्मा**	१२४१७८४१५१.८६

सैद्धान्तिक बेरुजु

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.२१,९३,७९,७६३।००, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रू.१,०७,६२,५१९।००, गरी रू.२३,०१,४२,२८२।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी र बैङ्क मौज्दातमा फरक परेको देखिदैन भने यस वर्षको प्राप्ति रू.२३,०३,७९,७६२।८०, र यस वर्षको भुक्तानी रू.२३,०३,७९,२४६।८० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	२०५७६६९२५.४८	८०५६३७४६३.५८	९२१३५५०५३.१६	९००४९८५१.९
एकीकृत आर्थिक विवरणअनुसार	२०५७६६९२५.४८	१०३६०१७२२६.३८	११५१७३४२९९.९६	९००४९८५१.९
फरक	०।००	२३०३७९७६२.८०	२३०३७९२४६.८०	०।००

सैद्धान्तिक बेरुजु

६ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.२०,२७,४४,८९९।०० मौज्दात रहेकोमा यो वर्ष

रू.२०,५७,६६,९२५।४८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.३०,२२,०२६।४८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बैङ्क हिसाब विवरणः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
ग १.१ आन्तरिक राजस्व खाता	०	१५६१५१९३.९२	१५६१५१९३.९२
ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	१३४४९०१.	१३४४९०१।००
ग १.३ आन्तरिक अनुदान खाता	०	०	०।००
ग २.२ चालू खर्च खाता- जोर वर्ष	०	९५३३१८.	९५३३१८।००
ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष	०	५०३६५१.	५०३६५१।००
ग २.७ विविध खर्च खाता	५८२८३५९.	५८७२५६५.	४४२०६।००
ग ३.१ स्थानीय तह धरौटी खाता	३२७८७६९३.४३	३२७८७६९३.४३	०।००
ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	४४४२४०९३.३३	२५९०७११०.५३	-१८५१६९८२.८०
ग ५.१ स्थानीय तह विविध कोष खाता	६७६०९५८.	६७६०९५८.	०।००
ग ६.१ स्थानीय तह विभाज्य कोष खाता	०	१८४४९०१.	१८४४९०१।००
ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	२४८७४८.१४	२४८३४८.१४	-४००।००
जम्मा	**९००४९८५१.९**	**९१८३८६४०.०२**	**१७८८७८८.१२**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी

बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्दश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाइयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन ।
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको
- सबै विद्यालयको माग फाराम अद्यावधिक गरी राखेको पाइएन ।
- विद्यालयमा हुने शिक्षक सरुवा, बढुवा, अवकाश, राजिनामा, विस्थापित आदिको विवरण अद्यावधिक गरी राखेको पाइएन ।
- शिक्षकको तलबी विवरणमा स्थायी, अस्थायी, करार, राहत आदि स्पष्ट रुपमा उल्लेख गरी विवरण राखेको पाइएन ।

- सशर्त तर्फबाट तलबभत्ता प्राप्त गर्ने शिक्षक, स्वास्थ्यकर्मी, उद्यमशिल विकासकर्ता, रोजगार संयोजक लगायत अरु कर्मचारीहरुको सरुवा बढुवा पदस्थापना, विस्थापित, अवकास तथा राजिनामा आदिको विवरण अद्यावद्यिक गरी राखेको पाइएन ।
- तलबी निकासा विवरण फाराममा ग्रेड संख्याको ठाउँमा ग्रेड रकम मात्र उल्लेख गरी तलब निकासा गरेको पाइयो ।
- पालिका अन्तर्गतका विद्यालयलहरुको लेखापरीक्षण भएको पाइएन ।
- अन्य निकायबाट प्राप्त औषधिको अभिलेख व्यवस्थित राखेको पाइएन ।
- कर्मचारीको अवकास, विदा, सरुवा तथा स्तरवृद्धिसम्बन्धी विवरण अभिलेख अद्यावधिक राखेको पाइएन
- लाभग्राहीहरुको विस्तृत परिचय खुल्ने विवरण सहितको अभिलेख व्यवस्थापन गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रू.८२ करोड ९९ लाख १४ हजार ३ सय ५५ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रू.५० लाख भैपरी आउने पूजीगत (अबण्डा) बजेट व्यवस्था गरी बिद्युत सामाग्री खरिद तथा जडान ज्याला तथा ट्रायल ब्रिज निर्माण कार्य अपुग रकम भुक्तानी योजनामा रू.३६ लाख खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ४० वडाको लागि वडागत र पालिकास्तरका कुल १५४ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रू.२० लाखमाथिका योजना सङ्ख्या	रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रू.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१५४	३३	४१	८०
२.	वडास्तरीय	४०	४	८	२८

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९४ योजना कार्यान्वयन भएको देखिन्छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **लक्ष्य प्रगति** - कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	२६९	०	०	०	२६९

सैद्धान्तिक बेरुजु

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	७००७४	६४५४४	७.६७%
सामाजिक क्षेत्र	३२१०१३	२७४५८७	३२.६४%
पूर्वाधार विकास क्षेत्र	४०६७११	३१८३५९	३७.८४%
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१२३९६	१११३९	१.३२%
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	१९९६४२	१७२७४८	२०.५३%
जम्मा	**१००९८३६**	**८४१३७७**	**१००।००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी ३७.८४ प्रतशित र सुशासन तथा अन्तरसम्बन्धति क्षेत्रमा सबै भन्दा घटीमा १.३२ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१७ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.३,६७,५०,३७३।९८ संघीय राजस्व बाँडफाँडबाट रू.८,६७,२९,३३८।८१ समेत रू.१,२४,१७,८४,१५१।८६ आम्दानी भएकोमा चालु तर्फ रू.४६,२२,१३,५५२।१६ र पूँजिगत तर्फ रू.३७,९१,६५,४८६।०० र वित्तीय ब्यबस्था तर्फ रू.शून्य समेत रू.८४,१३,७९,०३८।१६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.३७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.८६,८१,६००।०० खर्च भएको छ जुन आन्तरिक आयको २३.६२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३७.२२ प्रतिशत चालु र ३०.५३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
जम्मा खर्च	३७९१६५	३०२८४	४८६७४	१४१५०१	१५८७०६	८६१०४
खर्च प्रतिशत	१००	७.९९	१२.८४	३७.३२	४१.८६	२२.७१

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.३७ करोड ९१ लाख ६५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.३ करोड २ लाख ८४ हजार (७.९९ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.४ करोड ८६ लाख ७४ हजार (१२.८४ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.१४ करोड १५ लाख १ हजार (३७.३२ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१५ करोड ८७ लाख ६ हजार (४१.८६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.८ करोड ६१ लाख ४ हजार (२२.७१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रू.३९,२४,६०९।०० भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रू.

सि नं	कार्यक्रम/ शिर्षक /योजना	रकम	यो वर्ष भुक्तानी गरेको आधार
१	को चे नि का झोलुङ्गे पुल	४४५३८६	म ले प फा न २२१
२	करार सेवा शुल्क	२८०००	भुक्तानीका लागी २५ गते पछाडी पेश
३	नागरिक आवाश कार्यक्रम	३४५१२२३	बजेट अपुग

४	नगरअस्पताल विविध(औषधि खरिद)	२७५४८५१	बजेट अपुग
जम्मा		**६६७९४६०**	

नियमसम्मत नभएको बढी दायित्व परेको जस्ता व्यहोरा क्रमस उल्लेख गर्ने

सैद्धान्तिक बेरुजु

२० **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २६ वटा ऐन, ६ वटा नियमावली, ३० कार्यविधि लगायत ६६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ६६ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप भएको ६५ गरी कुल ७९ विवाद दर्ता भएकोमा ६३ वटा मात्र फस्यौंट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ९४ संघसंस्था र व्यक्तिहरुलाई रू.२३ लाख २५ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.३,६७,५०,३७३।९८ को ६.३२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सि नं	शिर्षक वा प्रयायोजन	रकम	प्राप्त गर्नेको संख्या

१	धार्मिक सास्कृतिक तथा आर्थिक सहायता	१५,००,०००।००	२२ वटा समुह तथा ३३ जना ब्यक्तिहरुलाइ
२	आर्थिक सामाजिक सहायता	५,००,०००।००	५ वटा समुह तथा ३० जना ब्यक्तिहरुलाइ
३	धार्मिक सास्कृतिक तथा सामाजिक सहायता	३,२५,०००।००	४ वटा समुहहरुलाइ
जम्मा		२३२५०००।००	

सैद्धान्तिक बेरुजु

२३ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४८ कर्मचारीको रू.१९,९८७,५३३।००, र पालिकाका ३९ कर्मचारीको रू.२,१६,४८,१७४।०० समेत रू.४,१६,३५,७०७।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको

समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रू.२,७४,४०,०००।०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक ईन्जिनियर (अधिकृत छैटौ) १, मनोसामाजिक परामर्शकर्ता, सब ईन्जिनियर लगायतका सहायक पाचौं तहका ४, अहेव, अनमि, अमिन, सकअ, लगायत सहायक चौथो तहका ३१ समेत ३६ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू.१,२४,९६,२११।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखी तलब भत्ता भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	१,२४,९६,२११

२७ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था देहाय बमोजिम रहेको विवरण प्राप्त भएको छः

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद।प्राप्ति मूल्य	कैफियत
वडा नं. १ वडा को नाममा रहेका जग्गा				
७(ख) कि.नं. ३८८ क्षेत्रफल ०—१—१०	साविक देखि दर्ता रहेको	१	—	
१ (क) कि.नं. ३६५ क्षेत्रफल ०—०—१५		१	—	
१ (क) कि.नं. ३६७ क्षेत्रफल ०—१—१५		१	—	
६(ख) कि.नं. २९३ क्षेत्रफल ०—१—०		१	—	

वडा नं. २ वडा कार्यालयको नाममा रहेका जग्गाहरु				
कि.नं. ३५९ क्षेत्रफल ०—०—३—०	२०७६।०५।३०	१	दानपत्र	
कि.नं. ३५७ क्षेत्रफल ०—२—१७—०		१		
कि.नं. ३६३ क्षेत्रफल ०—०—१५		१		
कि.नं. ३६१ क्षेत्रफल ०—०—५		१		
वडा नं. ५ न.पा. को नाममा रहेका जग्गाहरु				
५(क) कि.नं. ११५३ क्षेत्रफल ०—०—०—१२—२	२०७५।०३।२०	१	१२५०००।००	
५(क) कि.नं. ८१२ क्षेत्रफल ०—०—०—१—२		१	१०००००।००	
वडा नं. ५ स्वास्थ्य चौकीको नाममा रहेको जग्गा				
कि.नं. १२१३ क्षेत्रफल ०—०—१५ र कि.नं. ३९६ क्षेत्रफल ०—०—१८	२०७९।०५।१४	२	८४१५०।००	
कि.नं. ११७० क्षेत्रफल ०—०—१५—२		१	३२५०००।००	
वडा नं. ६ मा न.पा.को नाममा रहेको जग्गा				
१७८०७६० कि.नं. ७४६ क्षेत्रफल २०३.१६ वर्ग मि.	२०७८।०४।२१	१	३४००००।००	
वडा नं. ७ नगरपालिकाको नाममा रहेको जग्गाहरु				
२।१७८०७५९ कि.नं. ५४ क्षेत्रफल ९९४५ वर्ग मि.	२०७३।०७।२५ (छुट दर्ता)	१	—	
२।१७८०७५९ कि.नं. ५५ क्षेत्रफल १४७५ वर्ग मि.		१	—	
२।१७८०७२० कि.नं. २६ क्षेत्रफल ६७०० वर्ग मि.		१	—	
२।१७८०७२० कि.नं. १६८ क्षेत्रफल ८०.४२ वर्ग मि.	२०७७।०९।०१	१	—	
२।१७८०७२० कि.नं. १६५ क्षेत्रफल २४९.४२ वर्ग मि.	२०७७।०५।२८	१		
वडा नं. ८ वडा को नाममा रहेको जग्गाहरु				
८(क) कि.नं. ३८२ क्षेत्रफल ०—६—९ १।२	साविक देखि दर्ता रहेको	१	—	
८(घ) कि.नं. ३०५ क्षेत्रफल ०—१—०		१	—	
८(घ) कि.नं. ३०७ क्षेत्रफल ०—२—०		१	—	

८(घ) कि.नं. ५८ क्षेत्रफल ०—४—१०१।२		१	—	
८(क) कि.नं. ३८४ क्षेत्रफल ०—१—०		१	—	
१(ग) कि.नं. ४३३ क्षेत्रफल ०—१—१५		१	—	
१(ग) कि.नं. ३८९ क्षेत्रफल ०—१—१०		१	—	
वडा नं. ९ वडाको नाममा रहेको जग्गा				
कि.नं. १५३७ क्षेत्रफल ०—२—१०	२०७६।०५।१९	१	—	
भवनको विवरणहरु				
सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद।प्राप्ति मूल्य	कैफियत
न.पा भवन १, वडा नं. ७ भवन १, चमेना गृह १, प्रहरी विट भवन १, वडा नं. १ भवन १, वडा नं. २ भवन १, वडा नं ४ भवन १, वडा नं. ५ भवन १,वडा नं. ६ भवन १, वडा नं. ५ सटर भवन १, वडा नं. ८ भवन १, वडा नं. ८ सटर भवन १, वडा नं. ९ भवन १, वसपार्क १२ कोठे सटर १, वसपार्क १८ कोठे सटरभवन १, , न.पा. सभाहल १ कृषि भवन, आधारभुत स्वास्थ्य केन्द्र भवन ५, शहरी स्वास्थ्य भवन १ ।		२३		न.पा. र अन्तर्गत प्रयोग भईरहेको चालु अवस्थामा रहेको
Livestock market public toilet १, cow/buffalo shed १, canteen १, veterinary treatment shed १, mini market १, guard house १	२०८०।०२।२१	६	३१००५१८३।०३	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना द्वारा हस्तान्तरण देहमना कृषि वजार रंगेली ९
निर्माणाधिन भवन				
प्रशासनीक भवन १, प्रशासनीक भवन ब्लक १, कृषि थोक वजार भवन १, कोल्डस्टोर भवन १		$		
उपकरण (१ लाख भन्दा बढी)				
सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद।प्राप्ति मूल्य	कैफियत
मोवाईल आईफोन	२०७५।०३।३१	१	१६२०००।००	कार्यालयमा रहेको
युपिएस ९६ भोल्ट अनलाईन	२०७६।०३।२४	१	१८०८००।००	वडा नं. ७ मा रहेको
ल्यापटप	—	६	७३१७७९।४	कार्यालयमा रहेको
टोटल स्टेशन सेट	२०७३।०३।२४	१	४२००००।००	कार्यालयमा रहेको

हाइड्रोलिक वोल्ट कटर दमकल	२०७५।०४।१	१	१९२०००।००	कार्यालयमा रहेको
जेनेरेटर	२०७६।०३।१२	१	६९५०००।००	कार्यालयमा रहेको
सिसिटिभि एनभिआर	२०७६।०३।२४	१	१५७५२२।००	कार्यालयमा रहेको
एलईडि डिष्प्ले नोटिसवोर्ड	२०७६।१०।१५	१	१५२५५०।००	कार्यालयमा रहेको
एलईडि टिभि	२०७९।०६।१३	१	४४२४७७।८८	मिटिङ हल
भ्याक्सिन रेफ्रिजिरेटर	२०७८।०३।१५	१	२६५०००।००	कार्यालयमा रहेको
पोर्टेवल युएसजि मेसिन	२०७९।०२।१०	१	४४९९९९।९०	रंजनि स्वास्थ्य चौकि
वायो केमिष्ट्रि एनालाईजर	२०८०।०२।२६	१	११८९८९।००	हस्तान्तरण भई आएको

सैद्धान्तिक बेरुजु

२८ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रू.६,२२,६६,५०६।०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रू.२१,२१,४००।०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रू.

पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम	जम्मा
ठेकेदार			
जम्मा			६०१४५१०६.
संस्थागत			
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	महमत अलिजान मिया	३००००.
१०/१७/२०७९	कार्यक्रम खर्च	उष्ण प्रदेशिय वागवानी केन्द्र नवलपरासी	५०००००.
१२/०३/२०७९	केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	गणेश मा वि	३०००००.
जम्मा			८३००००.

व्यक्तिगत			
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. २ अन्तर्गत रंगेली न.पा. वडा नं. १ २ ३ ८ ९ मा- २७१ वटा	अजय कुमार राजवंशी	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	अर्जुन राई	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	आत्माराम भुजेल	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	इतबार किस्कु	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. २ अन्तर्गत रंगेली न.पा. वडा नं. १ २ ३ ८ ९ मा- २७१ वटा	केवलमान विश्वकर्मा	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. २ अन्तर्गत रंगेली न.पा. वडा नं. १ २ ३ ८ ९ मा- २७१ वटा	कृष्ण बहादुर कार्की	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	कुसुमलाल सिंह	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	किन्नु कर्माकार	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	खैतु मुडियारी	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	गुलाफचन रिषिदेव	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	गिता कार्की	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	चुनि लाल उराउ	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	छिटपु रिषिदेव	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. ५ अन्तर्गत रंगेली न.पा. वडा नं. ४ ५ ६ ७ मा- २७७ वटा	डुमरु सरदार	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. २ अन्तर्गत रंगेली न.पा. वडा नं. १ २ ३ ८ ९ मा- २७१ वटा	तल्लु मुर्मु	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	देवी प्रसाद पन्त	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	दिनुवा रिषिदेव	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	निर्मल कुमार भुजेल	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. ५ अन्तर्गत रंगेली न.पा. वडा नं. ४ ५ ६ ७ मा- २७७ वटा	पथल दास माझी	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	पबित्रा कार्की	३००००.

०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. २ अन्तर्गत रंगेली न.पा. वडा नं. १ २ ३ ८ ९ मा- २७१ वटा	पुष्वा सरदार	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. ५ अन्तर्गत रंगेली न.पा. वडा नं. ४ ५ ६ ७ मा- २७७ वटा	बबिता कुमारी मण्डल	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. ५ अन्तर्गत रंगेली न.पा. वडा नं. ४ ५ ६ ७ मा- २७७ वटा	बिनोद कुमार मण्डल	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	बिष्णू उराव झागर	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	भक्ते झागड	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	भगवान सतार	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	मुन्सी टुडु	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	महेश रिषिदेव	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. ५ अन्तर्गत रंगेली न.पा. वडा नं. ४ ५ ६ ७ मा- २७७ वटा	मालादेबी मण्डल	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	मिथुन मण्डल	३००००.
०४/०१/२०७९	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा~ गर्भवती उत्प्रेरणा सेवा~ न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	मिरा बराइली	१२८००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	रवि प्रसाद भण्डारी	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	रशिदम खातुन	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	राम लाल किस्कु	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	लक्ष्मण कर्माकार	३००००.
०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. ५ अन्तर्गत रंगेली न.पा. वडा नं. ४ ५ ६ ७ मा- २७७ वटा	ललिता देबी मण्डल	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	श्याम लाल रिषिदेव	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	शिव कुमार मिर्धा थारु	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	सन्चो खवास	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	सन्जु कर्माकार	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	साबित्रा कर्माकार	३००००.

०४/०१/२०७९	सुरक्षित नागरिक आवास कार्यक्रम -प्रदेश नं. १ को मोरङ जिल्ला क्षेत्र नं. २ अन्तर्गत रंगेली न.पा. वडा नं. १ २ ३ ८ ९ मा- २७१ वटा	सोभिन्दर ताजपुरिया	३००००.
०४/०१/२०७९	आवास व्यवस्था कार्यक्रम	हबेल कर्माकार	३००००.
०५/२२/२०७९	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती रक्तसंचार उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	मिरा बराइली	१८६००.
जम्मा			१२९१४००.
कुल जम्मा			६२२६६५०६.

(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०।११।२८ को निर्णयबाट रू.३१,४००।०० सम्परीक्षण गरिएको ।)

पेश्की	२०,९०,०००

२९ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २५ कार्यक्रममा देहायका निकाय व्यक्ति तथा संस्थालाई रू.६,०१,४५,१०६।०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिने ब्यक्तीफर्म वा कम्पनीको नाम	जम्मा
ठेकेदार			
०४/०१/२०७९	शितभण्डारको पूर्वाधार तथा उपकरण व्यवस्थापन गरि सञ्चालन	दाप्चा।सिमपानी जे.भि.(शित भण्डार निर्माण रंगेली ७)	५३२२५०६।००
०४/०१/२०७९	DPR तयार भए अनुसार वातावरणिय प्रभाव मुल्याङ्कन सहित कृषि उपज बजार निर्माणका लागिसहयोग	रविना - किरातेश्वर - अविशा जे. भी.	११३७०७४८।००
०४/२०/२०७९	रंगेलीनपा को प्रशासनिक भवन निर्माण समन्वय समिति मोरङ-६० प्रतिसत	जेशिका/शान्ति/मचिन्द्रजे. भि.	६०००००।००
०४/२०/२०७९	डागाटोल जाने बाटोमा खुशिलाल शाहको घर अगाडि कल्भर्ट	डैृगनचौधरी जे.भी.	४०६५६१।००
०४/२०/२०७९	पोखरीटोल पोखरीमा प्लम कन्क्रिट वडा -१	डैृगनचौधरी जे.भी.	२४७९५०।००

०४/२०/२०७९	बेलचौक दोहमाना सडक खण्डमा ३ मी स्पानको स्लाभ कल्भर्ट वडा न ९	ड्रैगनचौधरी जे.भी.	१७२०००।००
०४/२०/२०७९	रंगेलीअस्पताल पुर्वाधार निर्माण ।	नमुना — हिमालयन जे.भी.	३२०००००।००
०४/२०/२०७९	रंगेलिअस्पताल पुर्वाधार निर्माण- जि स स	नमुना/हिमालयनजे. भी.	२२०००००।००
०४/२०/२०७९	जिरायतबाटपूर्व जाने सडकमा कल्भर्ट निर्माण । वडा नं. १	विरनिर्माण सेवा	७०००००।००
०४/२०/२०७९	थानाटोलबाटसथाल टोल जाने सडक घाघी खोलामा कल्भर्ट ट्रिपल सेल । वडा नं.५	विरनिर्माण सेवा	९००८००।००
०४/२०/२०७९	रामराईटोलमा कल्भर्ट । वडा नं. १	विरनिर्माण सेवा	१७१६१६।००
०४/२०/२०७९	थानाटोलबाटसथाल टोल जाने सडक घाघी खोलामा कल्भर्ट ट्रिपल सेल । वडा नं.५	वीरनिर्माण सेवा	१०७४०००।००
०४/२०/२०७९	शववहान खरिद	सिप्रदीट्रेडिङ्ग प्रा.लि.	१४६००००।००
०६/०९/२०७९	प्रशासनिकभवन निर्माण ए र बि	नमुनाकन्स्ट्रक्सन प्रा.ली.	४३९२०००।००
०८/०८/२०७९	मंगलबारेवनडाडामा फलामे पुल निर्माण	दुर्गानिर्माण सेवा	२०००००।००
०९/०५/२०७९	बिद्यालयशैक्षिक पुर्वाधार निर्माण (रत्न मा वि १२ कोठा)	शान्तीदेवी - रंगेली - कालीनाग जे. भी.	२२७६५१५।००
०९/१७/२०७९	श्रीप.मा.वि रंगेली ६ को १ स्टेरिय ऐकेडेमी ब्लक निर्माण कार्य ।	पि.एम.के. - रंगेली - कालीनाग जे. भी.	२३७५०००।००
०९/१९/२०७९	रंगेलीअस्पतालको भवन निर्माण लगायत	आवरणमेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि	९३९४९८।००
०९/२९/२०७९	बिद्यालयशैक्षिक पुर्वाधार निर्माण (- आदर्श मावि ४ कोठा)	शीर्षनिर्माण सेवा प्रा.लि	२०६९९३।००
१०/२२/२०७९	रंगेलीअस्पतालको भवन निर्माण लगायत	आवरणमेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि	१४०००००।००
११/१९/२०७९	५न वडा कार्यालय भवन निर्माण	श्रीशिभांश निर्माण सेवा प्रा.लि	२१७३६३।००
१२/०३/२०७९	कलभर्टनिर्माण डागा टोल खुशिलाल घर अगाडी साहु सहनी टोल रंगेली ६ लवटोली रंगेली ७गेरुवा खोला चिहान डाडा रंगेली ८ वेलचौक दोहमाना सडक रंगेली ९	ड्रैगनचौधरी जे.भी.	६०००००।००
१२/१३/२०७९	कलभर्टनिर्माण डागा टोल खुशिलाल घर अगाडी साहु सहनी टोल रंगेली ६	ड्रैगनचौधरी जे.भी.	६०००००।००

	लवटोली रंगेली ७गेरुवा खोला चिहान डाडा रंगेली ८ वेलचौक दोहमाना सडक रंगेली ९		
१२/२७/२०७९	१देखि ९ वडा सम्मका सडक कालो पत्रे बहुबर्षे योजना	प्रेरा। विष्णु । देवी डाँडा जे.भी.	१८०९६९३१।००
०१/०६/२०८०	सिमाबाँधसिचाई योजना निर्माण रंगेली १	कालीनाग -रं गेली जे. भी.	१०१४६२५।००
जम्मा			६०१४५१०६।००

सैद्धान्तिक बेरुजु

३० **खरिद विधि** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार खरिद कारवाहीको तयारी गर्नुपर्ने तथा नियम ५(क) अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले दुध उत्पादनमा आत्मनिर्भर कार्यक्रम(च्यापकटर खरिदमा अनुदान) कार्यक्रम ५० प्रतिशत अनुदान साझेदारी लाभग्राहीको तथा बाँकी ५० प्रतिशत साझेदारी पालिकाको रहने गरी कार्यक्रम संचालन गरेको छ । यसरी व्यक्तिगत लाभग्राहीसंग सम्झौता गरी कार्यक्रम गर्ने निर्णय गरिसकेपछि कार्यक्रममा सहभागी सबै सहकारी लाभग्राहीहरुले एउटै फर्मबाट च्यापकटर खरिद गरेको बिल पेश गरेको आधारमा पालिकाले ५० प्रतिशत वापतको रकम भौ नं बाट रु ४७१६१००।०० रकम भुक्तानी गरेको छ ।यसरी पेश भएको विलको आधारमा पालिकाले पिस रेट सिस्टमको आधारमा धानको बिउ खरिद गरेको देखियो । परिमाण निर्धारण गरी सो परिमाणको आधारमा लागत अनुमान तयार गरी खरिद विधि छनौट गर्नुपर्नेमा पालिकाले पिस रेट सिस्टमको आधारमा खरिद गरेको पाइएकोले एकै आपूर्तकबाट तोकिएको सिमा भन्दा बढी खरिद भएको समेत पाइयो । पालिकाले माग अनुसारको लागत अनुमान निर्धारण गरी उपयुक्त खरिद विधि छनौट गर्नुपर्नेमा पिस रेट सिस्टम अनुसार लागत अनुमान निर्धारण गरेको उपयुक्त देखिएन । नियमावलीको व्यवस्था बमोजिम खरिद कार्यको पालना गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

भौ नं	आपुर्तक	खरिद सामाग्री	खरिद कर्ता	कुल खरिद	पालिकाको योगदान
२७९।२०८०।३।११	अमित स्टोर्स	च्यापकटर	९२ जना कृषक	२४८४०००	१२४२०००
२८१।२०८०।३।११	पाथिभरा मेशिनरी	च्यापकटर	८७ जना कृषक	२३४९०००	११७४५००
२८३।२०८०।३।११	अमित मेशिनरी ट्रेडर्स	च्यापकटर	९० जना कृषक	२४३००००	१२१५०००
३४८।२०८०।३।२२	अमित मेशिनरी ट्रेडर्स	च्यापकटर	३० जना कृषक	८१००००	४०५०००
३५१।२०८०।३।२२	अमित स्टोर्स	च्यापकटर	३१ जना कृषक	८३७०००	४१८५००

३६५।२०८०।३।२३	पाथीभरा मेशिनरी स्टोर्स	च्यापकटर	२० जना कृषक	५४००००	२७००००
जम्मा				**९४५००००**	**४७२५०००**

सैद्धान्तिक बेरुजु

३१ **बहुवर्षिय घाँसको विरुवा** - बहुवर्षे घासका बिरुवा खरिदः आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुग वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पशु पालनमा आवद्ध कृषकहरुलाई प्रोत्साहन स्वरुप बहुवर्षे प्रकृतिको घासका बिरुवा उपलब्ध गराउने निर्णय पालिकाले गरेको छ । पालिकाले रु.८,७०,०००।०० बराबरको घासका बिरुवा देहायका पालिका अन्तर्गतका विभिन्न १८१ जना कृषकलाई वितरण गरेको छ । ति कृषकहरुले घाँसका विरुवा रोपे नरोपेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन हुनुपर्दछ ।

भौ नं	किसिम	परिमाण	रकम
२८।२०८०।३।२२	सुपरजेभियर घाँस	३००० गोटा	१२००००
	रेडमोपियर घाँस	३००० गोटा	२५५०००
२२।२०८०।१।२६	टिपिस्त्री घाँस	३००० गोटा	४९५०००
जम्मा			**८७००००**

सैद्धान्तिक बेरुजु

३२ **गाईको बाछी तथा बाखाको पाठी वितरण** - पालिकाले कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत बजेट नीति तथा कार्यक्रम भित्र रहेर उक्त बजेट, नीति तथा कार्यक्रमले लिएको उद्देश्य पूर्ति हुने गरी गर्नुपर्दछ । यस पालिकाको २०७९।९।२१ गते बसेको नगरसभाको निर्णयले २०७९।०८० को नयाँ तथा २०७८।७९ को पुरानो उद्यमीलाई प्राविधि हस्तान्तर कार्यक्रमलाई रकमान्तर गरी बाखाको पाठी तथा गाईको बाछी वितरण कार्यक्रम सञ्चालन गरेको देखियो । उक्त कार्यक्रमका लागि पालिकाले मेडपा कार्यक्रम अन्तर्गत तालिम लिएका उद्यमीहरुलाई पाठी तथा बाछी वितरण गर्न ३ वटा खुला कोटेशनबाट खरी जमुना पारी क्रस ५ महिना माथिका पाठी तथा जर्सि/होलिस्टेन क्रस १२ देखि १५ महिनाका बाछी खरिद गर्न दररेट माग गरी युनिक लाइभस्टक इन्टर प्राइजेजबाट रू.४,५७,२९७ का ५३ वटा पाठी र यादव कृषि फर्मबाट रू.२,०५,८००।०० का १४ वटा बाछी खरिद गरी ५३ जना कृषकलाई १/१ वटा पाठी र १४ जना कृषकलाई १/१ वटा बाछी वितरण गरेको भरपाई पेश गरेको छ । तर यसरी

खरिद गरिएका पठी तथा बाछीहरु माग गरे बमोजिम खरी जमुना पारी क्रस, एवं जर्सी/होलिस्टेन क्रस भए/नभएको, माग भए बमोजिम उमेर पुगे नपुगेको र शारीरिक रुपमा स्पष्ट रहे/नरहेको सम्बन्धमा पशु चिकित्सक प्राविधिकबाट प्रमाणित गरेको देखिएन । त्यसैगरी उक्त पशुहरुको बिमा समेत गरेको छैन । यस किसिमका कार्यक्रममा लाभग्राहीको तर्फबाट समेत लागत अंश व्यहोर्ने गरी कार्यक्रम सञ्चालन नगरी निशुल्क वितरण गरेको देखियो । बिमा नगराउँदा कारण वस पशुहरुको मृत्यु भएमा सरकारको लगानी खेर जाने र कृषकले पनि लाभ प्राप्त नगर्ने हुँदा अनिवार्य रुपमा बिमा गराउनु पर्ने देखिन्छ । यसरी खरिद माग गर्दा तोकिएको स्पेशिफिकेसन अनुसारका पशुहरु प्राप्त भए/नभएको प्रमाणित नगरेको हुँदा उक्त वितरण कार्यबाट लाभग्राहीले स्वस्थ, उमेर पुगेको, एवं सम्बन्धित जातको पाए/नपाएको यकिन हुन नसकेको हुँदा सो खरिद तथा वितरण कर्य नियमसम्मत देखिएन । तसर्थ पालिकाले तोकिएको मापदण्ड अनुसार भए/नभएको अनुगमन तथा छानबिन गरी नियमित गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	६,६३,०९७

३३ **चैते धानमा आत्मनिर्भर कार्यक्रम** - प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि,२०७९ को प्रावधानमा आधारित भई यो कार्यक्रम संचालन भएको छ । ५० प्रतिशत लाभग्राही कृषकको अनुदान तथा ५० प्रतिशत पालिकाको अनुदान हुने गरी कार्यक्रम संचालन गर्ने सम्झौता भएको छ । लाभग्राही छनौटको सम्बन्धमा निर्देशिका कम्तिमा १० हेक्टर जग्गामा एकै जातको मसिनो धान वा चैते धानको सामुदायिक खेती गर्ने कृषक समुह, सहकारी आदि हुने भनिएको छ । त्यस्तै अनुदान वितरण गर्दा प्रति कठ्ठा रु ६०० भन्दा बढी नहुने गरी नगद प्रोत्साहन अनुदान दिने व्यवस्था छ । साथै, निर्देशिकामा धान लगाएको ४५ दिन पछि सम्बन्धित स्थानीय तहको कृषि प्राविधिकले स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले देहायबमोजिमा विभिन्न वडाका विभिन्न लाभग्राही कृषकहरुलाई कम्तिमा १० हेक्टर जग्गाको क्षेत्रफलको प्रावधानलाई पुर्णरुपले अनुसरण नगरी अनुदान वितरण भएको छ । साथै, निर्देशिकामा भएको व्यवस्था बमोजिम धानको विउ लगाएको ४५ दिनपछि स्थानीय तहको कृषि प्राविधिकको सिफारिस वेगर गरिएको भुक्तानि कानुन सम्मत देखिएन । तसर्थ पालिकाले यस सम्बन्धमा प्रभावकारी अनुगमन गरी तोकिएको लाभग्राहीले अनुदान पाए नपाएको साथै प्राप्त अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्छ ।

भौ नं	लाभग्राही	अनुदान रकम	वडा नं	कैफियत
३१८।२०८०।३।१९	१९	३६९९९०	९	
३१९।२०८०।३।१९	५	१२७२००	३४८	
३२०।२०८०।३।३०	३५	११७२९७०	६	

३२१।२०८०।३।२०	१२६	१५३२८२०	५	
३२४।२०८०।३।२०	७८	१३३९३५०	१२	
३४४।२०८०।३।२२	१	२०५०००	५	पावर टिलर १ सेट वितरण
		४७४७३३०		

सैद्धान्तिक बेरुजु

३४ **खरिद विधि** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार खरिद कारवाहीको तयारी गर्नुपर्ने तथा नियम ५(क) अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले धानबालि प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदान साझेदारी लाभग्राहीको तथा बाँकी ५० प्रतिशत साझेदारी पालिकाको रहने गरी कार्यक्रम संचालन गरेको छ । यसरी व्यक्तिगत लाभग्राहीसंग सम्झौता गरी कार्यक्रम गर्ने निर्णय गरिसकेपछि कार्यक्रममा सहभागी सबै सहकारी लाभग्राहीहरुले एउटै फर्मबाट धान खरिद गरेको बिल पेश गरेको आधारमा पालिकाले ५० प्रतिशत वापतको रकम भौ नं ३३५।२०८०।३।२१ बाट रु.२२,३९,७६०।०० रकम भुक्तानी गरेको छ ।यसरी पेश भएको विलको आधारमा पालिकाले पिस रेट सिस्टमको आधारमा धानको बिउ खरिद गरेको देखियो । परिमाण निर्धारण गरी सो परिमाणको आधारमा लागत अनुमान तयार गरी खरिद विधि छनौट गर्नुपर्नेमा पालिकाले पिस रेट सिस्टमको आधारमा खरिद गरेको पाइएकोले एकै आपूर्तकबाट तोकिएको सिमा भन्दा बढी खरिद भएको समेत पाइयो । पालिकाले माग अनुसारको लागत अनुमान निर्धारण गरी उपयुक्त खरिद विधि छनौट गर्नुपर्नेमा पालिकाले पिस रेट सिस्टम अनुसार लागत अनुमान निर्धारण गरेको उपयुक्त देखिएन । नियमावलीको व्यवस्था बमोजिम खरिद कार्यको पालना गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

आपुर्तक	खरिद सामाग्री	खरिद कर्ता	कुल खरिद	पालिकाको योगदान
महारानीझोडा बीउ उद्योग	धानको बिउ	साना किसान कृषि सहकारी	५६०५२०	२८००००
महारानीझोडा बीउ उद्योग	धानको बिउ	बेतना कृषि सहकारी संस्था२	५५५४२०	२७९९७०
महारानीझोडा बीउ उद्योग	धानको बिउ	चामुण्डा कृषि सहकारी संस्था३	५६०४००	२८००००
महारानीझोडा बीउ उद्योग	धानको बिउ	सुचना समृद्धि बहुउदेश्यिय सहकारी संस्था ४	५६०७६०	२८००००
महारानीझोडा बीउ उद्योग	धानको बिउ	आबद्ध सहकारी संस्था५	५९९९८०	२७९९९०
महारानीझोडा बीउ उद्योग	धानको बिउ	आमगाछी कृषि सहकारी संस्था६	५५९२००	२८००००

महारानीझोडा बीउ उद्योग	धानको बिउ	फार्साङ्गी कृषि सहकारी	५७९२४०	२८००००
महारानीझोडा बीउ उद्योग	धानको बिउ	दर्बेशा साना किसान कृषि सहकारी	५६०३४०	२७९८००
जम्मा			**४५३५८६०**	**२२३९७६०**

सैद्धान्तिक बेरुजु

३५ **अनुगमन प्रतिवेदन** -

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू.१७,१०,०००।०० सम्परीक्षण गरिएको ।)

३६ **नयाँ बाखा पकेट विकास कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल,२०७७ बमोजिम ५० प्रतिशत साझेदारीमा कार्यक्रम गर्ने गरी रंगेली बाखा पकेट संचालन समन्वय समितिसंग सम्झौता भएको छ । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

३६.१ लागत सहभागिताःपालिकाले देहायको संस्थासंग पालिकाबाट तथा लाभग्राही कृषकबाट लागत व्यहोर्ने गरी पकेट विकास कार्यक्रम संचालन भएको छ । लाभग्राहीको तर्फबाट व्यहोरिएको अंशको सम्बन्धमा लाभग्राहीले सम्बन्धित आपूर्तकलाई भुक्तानी गरेको सुनिश्चित गर्ने दाखिला भौचर पेश गरेको छैन । यसले गर्दा लाभग्राहीहरु आफुले व्यहोर्नुपर्ने अंश व्यहोरी सामान लिए नलिएको एकिन हुन नसकेको हुँदा यस सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन सहित नियमित गर्नुपर्ने देखिएको रु

भौ नं	आपुर्तक	प्राप्त गर्ने	बिल रकम	भुक्तानी	नदेखिएको अंश	कार्यक्रम
३४१।२०८०।३।२२	साबित्रा बाखा फार्म	रंगेली बाखा पकेट संचालन समन्वय समिति	२१०००००	१०५००००	१०५००००	नयाँ बाखा पकेट विकास

अनियमित भएको	१०,५०,०००

३६.२ बाखा खरीदः सम्झौता अनुरुप ३५ थान ब्रोयर क्रस बोका रु.२१,००,०००।०० को लागतमा खरिद गरी सम्झौता अनुरुप रु.१०,५०,०००।०० पालिकाले भुक्तानी गरेको छ । सम्झौतामा खरिद गरिने बाखाको बिमा गर्ने सम्बन्धी प्रावधानको व्यवस्था भएतापनि खरिद गरिएको बाखाको बिमा गरिएको छैन

। साथै,ब्रोयर क्रस भनेर खरिद गरिएको बोका ब्रोयर क्रस हो, होइन भन्ने कुराको सुनिश्चतताको लागि चिकित्कसबाट जाँच गराएको छैन । तसर्थ यस सम्बन्धा पालिकाले विशेष ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

३७ **माछा उत्पादन प्रवर्द्धन कार्यक्रम** - आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि,२०७९मा भएको व्यवस्था बमोजिम ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम गर्ने गरी सम्झौता भएको छ । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

३७.१ लागत सहभागिताः पालिकाले देहायको संस्थासंग पालिकाबाट तथा लाभग्राही कृषकबाट लागत व्यहोर्ने गरी पकेट विकास कार्यक्रम संचालन भएको छ । लाभग्राहीको तर्फबाट व्यहोरिएको अंशको सम्बन्धमा लाभग्राहीले सम्बन्धित आपूर्तकलाई भुक्तानी गरेको सुनिश्चित गर्ने दाखिला भौचर पेश गरेको छैन । यसले गर्दा लाभग्राहीहरु आफुले व्यहोर्नुपर्ने अंश व्यहोरी सामान लिए नलिएको एकिन हुन नसकेको हुँदा यस सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन सहित नियमित गर्नुपर्ने देखिएको रु

भौ नं	प्राप्त गर्ने	बिल रकम	भुक्तानी	नदेखिएको अंश	कार्यक्रम
३४७।२०८०।३।२२	सरिता एग्रो फर्म-३		६४५७५०	६४५७५०	माउ माछा खरिद
३५९।२०८०।३।२३	सरिता एग्रो फर्म		९८९४०	९८९४०	भुरा माछा(हयाचलिङ)
	इश्वर एकिकृत कृषि फर्म		१९४०	१९४०	भुरा माछा(हयाचलिङ
	विनय कृषि तथा पशु फर्म		२९१०००	२९१०००	भुरा माछा(हयाचलिङ
३६३।२०८०।३।२३	सरिता एग्रो फर्म		१३२००००	१३२००००	एरिएटर र फिडर मेसिन खरिद
३६७।२०८०।३।२२	७६ जना लाभग्राही		९२०७५०	९२०७५०	फिङलिङ्ग माछा
			३२७८३८०	३२१८३८०	

अनियमित भएको	३२,१८,३८०

३७.२ **कार्यक्रममा हेरफेर -** सुरुवाती अवस्थामा पालिकाले निकालेको प्रस्ताव सुचना अनुसार ह्ययाचलिङ्ग माछा, एरिएटर तथा फिडर मेसिन वितरणको लागि छनौट हुने लाभग्राहीहरुलाई सहभागिता सहित नगदमै अनुदान दिने प्रावधान सहित सुचना प्रकाशन गरेको छ । तर पालिकाले हयाच्लिङ्ग माछा, एरिएटर तथा फिडर मेसिन आदिको दर उल्लेखित लागत सहितको प्रस्ताव पेश भएको छ । सुरुमा हयाचलिङ माछा, एरिएटर तथा फिडर मेसिन सहित आएको कार्यक्रम प्रस्ताव विभिन्न मितिमा कार्यपालिकाको निर्णयको आधारमा ह्याचलिङ माछा, माउ माछा, भुरा फिडलिङ माछा, एरिएटर तथा फिडर मेसिनको परिमाणमा समेत फेरबदल हुँदै कार्यक्रम सम्पन्न भएको छ । यसरी फेरबदल हुँदै कार्यक्रममा भएको कुल खर्च रु.३२,९०,५००।०० मध्ये रु.२०,६४,६९०।०० रकम बराबरको आर्थिक अनुदान एउटा मात्र फर्म सरिता एग्रो फर्म-३ लाई प्रदान गरिएको छ । यसरी विभिन्न लाभग्राही लाभान्वित हुने गरी प्राप्त बजेटलाई सिमित लाभग्राहीमा केन्द्रित गर्दा अनुदानको उदेश्य पुरा नहुने देखिन्छ । यस सम्बन्धमा पालिकाले विशेष ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

३८ **भ्रमण खर्च** - गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली २०६४ मा व्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने छ। यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा भ्रमण खर्च रू.१०,४७,८००।०० (वडा समेत) भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पेश गरेको देखिएन । साथै पालिकाले भ्रमण अभिलेख खाता अद्यावधिक गरी राखेको पाइएन । पालिकाले ऐनको व्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने तथा भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **सञ्चार महसुल इन्टरनेट** - पालिकाले सञ्चार महसुल इन्टरनेट शीर्षकबाट कार्यालयका पदाधिकारी तथा केही कर्मचारीहरुले प्रयोग गर्ने मोबाइलको रिचार्ज गराए बापत भुक्तानी गर्ने गरेको देखियो । सञ्चार खर्चका सम्बन्धमा आवश्यक मापदण्ड र कार्यविधि बनाई कार्यालयको अत्यावयकीय काममा प्रयोग हुने मोबाइल फोनमा मात्र रिचार्ज खर्च हुने गरी अन्य व्यक्तिगत प्रयोजनमा प्रयोग भएको भए पालिकाले यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । यसरी रिचार्ज गरी भुक्तानी गरेका केही उदाहरण देहाय बमोजिम छन्

भौ.नं./मिति	विवरण	भुक्तानी पाउने	रकम
४३८।२०७९।९।२६	सञ्चार महसुल	एम एस कम्प्युटर केयर	४१६००
८१८।२०८०।१।१७	सञ्चार महसुल	ए एस ट्रेड एण्ड सप्लायर्स	१८०००
१०९९।२०८०।३।२३	सञ्चार महसुल	ए एस ट्रेड एण्ड सप्लायर्स	५९५००

सैद्धान्तिक बेरुजु

४० **नगरसभा सञ्चालन खर्च** - गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा सदस्यहरुले पाउने सविधाका बारेमा उल्लेख छ । पालिकाले सभा सञ्चालन सम्बन्धी खर्च गर्दा सार्वजनिक खरिदको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ समेतलाई ध्यानमा राखी गर्च गर्नुपर्दछ । यस वर्ष पालिकाले सभा सञ्चालन गर्चका लागि नगर परिषद् सञ्चालन निर्माण शीर्षकमा रू.१०,००,०००।०० बजेट विनियोजन गरी रू.९,६९,९४५।०० खर्च गरेको छ । नगरसभा सञ्चालन गर्दा बैठक भत्ता, खाजा, खाना, चिया, नास्ता लगायत विभिन्न सामग्री खरिदमा समेत खर्च गरेको देखिन्छ । उक्त खर्च मध्ये ५० थान सफ्टट्रली सुटकेश खरिदमा रू.२,४०,१२५।०० र ७१ थान ब्याग खरिदमा रू.२,८०,८०५।०० समेत रू.५,२०,९३०।०० खर्च गरेको देखिन्छ । नगरसभाका सदस्यहरुलाई ऐनले तोकेको मासिक सुविधा र बैठक भत्ता समेत उपलब्ध गराएको अवस्थामा सदस्यहरुका लागि ब्याग, सुटकेश जस्ता सामग्री खरिद गरी रू.५,२०,९३०।०० खर्च लेख्नु उचित देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **मसलन्द तथा कार्यालय सामग्री** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा यस वर्ष रू.२०,००,०००।०० र वडा कार्यालय मसलन्द तर्फ रू.१९,००,०००।०० समेत कुल रू.३९,००,०००।०० खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक

सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । वडा कार्यालयमा खरिद गरेका मसलन्द तथा कार्यालय सामग्रहरु PAMS प्रणालीमा दाखिला गरेको छैन । यसले गर्दा खरिद गरेको सुनिश्चितता हुन सक्दैन । तसर्थ सबै प्रकारका खरिद सामान PAMS दाखिला गर्नुपर्ने हुँदा एकद्वार प्रणालीबाट खरिद गरी पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४२ **नेपाल रेडक्रस सोसाइटिलाई अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३९(१३) मा चालु आर्थिक वर्षको बजेटले नखामेमा खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा आगामी वर्ष भुक्तानी दिने गरी तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीकको कच्चावारी प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस्तो भुक्तानी दिन बाँकी रकम भएमा तोकिएको ढाँचामा आन्तरिक लेखापरीक्षकबाट समेत प्रमाणित गराई राख्नु पर्दछ । यस वर्ष पालिकाले नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखालाई रंगेली अस्पतालमा रक्त संचय/संचार सेवा इकाइ संचालनार्थ मिति २०७७।४।१ गते गरेको सम्झौता अनुसार सम्झौता मितिबाट २ वर्षका लागि वार्षिक रू.५,००,०००।०० का दरले २०७९ आषाढ सम्मको रू.१०,००,०००।०० आर्थिक अनुदान दिएको छ । विगत २ वर्ष देखिको भुक्तानी दिन बाँकी रकमको नियमानुसार भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी राखेको देखिएन । उक्त सम्झौताको बुँदा नं. ६ मा दुई वर्षसम्म वार्षिक ५ लाख आर्थिक अनुदान सहयोग गर्ने र २ वर्ष पछि प्रथम पक्ष अर्थात नेपाल रेडक्रस सोसाइटीले श्रोत जुटाई सेवालाई निरन्तरता दिनुपर्ने उल्लेख भएकोमा २०७९।५।१७ मा च.नं. ५२ को पत्रबाट उक्त सोसाइटीले चालु आ.व.को रकम रू.५,००,०००।०० समेत उपलब्ध गराउन र मिति २०७९।५।२३ च.नं. ५८ को पत्रबाट सम्झौताको अवधि नवीकरण गर्न माग गरी पत्राचार गरेको देखिन्छ । यस अघि २०७५ श्रावण १ गते भएको सम्झौतामा पनि पालिकाले २ वर्षका लागि वार्षिक रू.५,००,०००।०० सहयोग गर्ने र त्यसपछि सोसाइटीले स्रोत खोजी जुटाई सेवालाई निरन्तरता दिने भनि सम्झौता भए बमोजिम आ.व. २०७५।७६ र २०७६।७७ मा पनि प्रत्येक वर्ष रू.५,००,०००।०० का दरले भुक्तानी भईसकेको देखिन्छ । उक्त सम्झौताको म्याद सकिए पछि पुनः सोही व्यहोराको सम्झौता गरी पुनः २०७७ श्रावण १ देखि पालिकाले २ वर्षका लागि मासिक रू.५,००,०००।०० आर्थिक अनुदान दिने गरी सम्झौता गरी भुक्तानी गरेकोले विगतको सम्झौता पालना भएको देखिएन । दोस्रो पटकको सम्झौता सकिए पछि पुनः भुक्तानी माग र सम्झौता नवीकरण गर्न पत्राचार भएको देखिँदा सम्झौताको पटक पटक उल्लंघन भएको देखिन्छ । यसरी उक्त सोसाइटीले २ वर्ष पछि आफै श्रोत खोजी सेवालाई निरन्तरता दिनुपर्नेमा पुनः नवीकरण गराई, एवं भुक्तानी बाँकी प्रमाणित समेत नगरी दिएको भुक्तानी नियमसम्मत देखिएन । शुरु सम्झौताको पालना नगरी पुनः सोही व्यहोराको सम्झौता गरी भुक्तानी दिने कार्य नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	१०,००,०००

४३ **कर्मचारी खाजा भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले २०७६।३।१० गते बसेको रंगेली नगरपालिकाको तेस्रो नगर सभाको निर्णय नम्बर १८ तथा खाजा खर्च सम्बन्धी कार्यविधि, २०७७ को आधारमा पालिकामा कार्यरत अधिकांश कर्मचारीहरुलाई खाजा भत्ता बापत मासिक रू.१,५००।०० का दरले खाजा भत्ता उपलब्ध गराई यस वर्ष रू.१२,७७,०००।०० खर्च गरेको छ । उक्त कार्यविधिमा खाजा खर्च नगरसभाले बजेट विनियोजन गरी प्रदान गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले खाजा खर्चमा रकम विनियोजन नगरी पारिश्रमिक शिर्षकबाट खाजा खर्च लेखेको पाइयो । यसरी पालिकामा कार्यरत सबै प्रकारका स्थायी तथा करार कर्मचारीहरुलाई कर्मचारी सेवा सर्त सम्बन्धी कानूनमा उल्लेख नभएको खाजा भत्ता बापत उपलब्ध गराएकोले पालिकालाई थप व्ययभार परेको हुँदा उक्त भुक्तानी नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	१२,७७,०००

४४ **अनुत्पादक खर्च** - स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरु जस्तै विभिन्न खेलकुद विकास कार्यक्रम सञ्चालनमा रू.१०,००,०००।००, दशैं चाड पर्व खर्चबाट विभिन्न मन्दिरमा पूजाको लागि रू.१०,००,०००।००, धार्मिक तथा साँस्कृतिक सहयोग बापत मेला सम्मेलन, भजन मण्डली, मन्दिर पुजा सहयोग खर्चमा आर्थिक सहयोग बापत रू.१८,१९,९८७।००, युवाहरुलाई खेलकुद कार्यक्रम रू.१,००,०००।०० का अतिरिक्त लक्षित वर्ग कार्यक्रमहरुमा समेत विभिन्न खेलकुद आयोजना गरी खर्च गरेको छ । पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ ।कार्यविधि समेत नबनाई तोक आदेश तथा पटक पटक कार्यपालिका तथा सभाबाट निर्णय गरी अनुत्पादक तथा वितरणमुखी खर्च गरेका केही उदाहरणहरु देहाय बमोजिम छन्

भौ.नं./मिति	विवरण	भुक्तानी रकम
५३३।२०७९।१०।२६	लक्ष्मी नारायण भजन किर्तन समूहलाई सामग्री खरिद गर्न	७४७३०
	सर्वेश्वर भवन किर्तन समूहलाई सामग्री खरिद गर्न	१०००००
५६०।२०७९।११।२	सक्रिय कृषि महिला समूहलाई कुर्सी टेबल खरिद गर्न	१२५०००
५६३।२०७९।११।२	हृदयश्वर किर्तन समूहलाई सामग्री खरिद गर्न	७५०००

६१९।२०७९।११।२१	राधाकृष्ण भजन समितिलाई बाजागाजा खरिद गर्न	१०००००
६३२।२०७९।११।२९	केदारेश्वर भजन समूहलाई सामग्री खरिद गर्न	७५०००
७१६।१२।२१	आमा भजन किर्तन समूहलाई सामग्री खरिद गर्न	७५०००
७८१।२०७९।१२।३०	नेपाली टोल भजन समूहलाई सामग्री खरिद गर्न	७५०००
८०२।२०८०।१।११	ओम पञ्चेश्वर किर्तन समूहलाई सामग्री खरिद गर्न	१०००००
८२५।२०८०।१।२१	सरस्वती भजन समूह सामग्री खरिद गर्न	७५०००
८३१।२०८०।१।२१	शिव चर्चा महिला समूहलाई सामग्री खरिद गर्न	७५०००
८४१।२०८०।१।२५	वेतौना समुदायिक सेवा केन्द्र सामग्री खरिद गर्न	१०००००
९०५।२०८०।२।९	गायत्री माता किर्तन समूहलाई सामग्री खरिद गर्न	१०००००

सैद्धान्तिक बेरुजु	

४५ **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२३ अनुसार बिल, विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले अति विपन्न परिवारका लागि निशुल्क विद्युत मिटर जडान कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राविधिकरणले बनाएको लागत अनुमानका आधारमा देहाय बमोजिम भुक्तानी गरेको छ । तर उक्त मिटर जडान कार्यको प्राविधिक नाँपजाँच सहितको कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रू.

भौ.नं./मिति	विवरण	भुक्तानी रकम
५३७।२०७९।१०।२३	वडा नं. ३ का ३५ घरधुरी र ९ का ९० घरधनीको लागि मिटर जडान कार्य	४७८२५०
१०००।२०८०।३।५	वडा नं. १ को ९३ घरधुरीका लागि मिटर जडान कार्य	३५५८१९
जम्मा		**८३४०६९**

प्रमाण पेश नगरेको	८,३४,०६९

४६ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष विविध चियापान तथा अतिथि सत्कार खर्चमा रू.१०,००,०००।०० खर्च भएको पाइयो । त्यस अतिरिक्त वडा तर्फ अतिथि सत्कार तथा चिया नास्ता शिर्षकमा रू.१३,४९,४००।०० खर्च गरेको पाइयो । पालिकाले विविध खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **सुचना प्रकाशन खर्च** - विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रू.२४,९९,१५२।०० खर्च गरेकोमा उक्त मिडिया फर्महरुले न्युन छुटको व्यवस्था मात्र गरेको पाइयो । सुचना प्रकाशन गर्दा प्रकाशनको आकार र दर रेट माग गरी प्रतिस्पर्धात्मक तवरले सुचना प्रदायक छनौट गर्नुपर्नेमा सो अनुसार भए गरेको पाइएन । साथै सुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक विभिन्न मिडिया फर्म लाइ भुक्तानी दिने कामलाई निरुत्साहित गर्दै सुचना प्रकाशनको खर्चलाई मितव्ययी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिका र अन्तर्गतका वडा कार्यालय, सोका पदाधिकारी, जनप्रतिनिधि र सो कार्यालयसँग कार्यालयको कामका विषयमा प्रत्यक्ष सम्बन्धित कर्मचारी समेतका उपरमा परेका मुद्दा, मामिला रिट निवेदन सम्बन्धमा अदालतमा उपस्थित भई कानूनी रुपमा प्रतिनिधित्व र प्रतिरक्षा गर्न बरिष्ठ अधिवक्ता जगन प्रसाद फुयालसँग मिति २०७९ श्रावण ११ मा करार सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार निज कानून व्यवसायीलाई सेवा दिए बापत मासिक रू.३०,०००।०० तथा वारेस राख्ने, लिखित जवाफ वहस नोट लगायतका कामका लागि प्रतिमुद्दा थप रू.५,०००।०० समेत दिने उल्लेख छ । पालिकाले भौ.नं. १०६३।२०८०।३।२० बाट सेवा र परामर्श बापत रू.४,२१,४४०।०० भुक्तानी गरेको मध्ये ०७८-CP-०३८५, ०७७-CP-०३८६, ०७७-CP-३८७ मुद्दा पालिका विरुद्धको मुद्दा नभएको एवं ०७९-CP-१५९४ को प्रमाण नै नराखी भुक्तानी गरेको हुँदा रू.५,०००।०० का दरले ४ वटा मुद्दाको रू.२०,०००।०० बढी खर्च दावी गरी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

क्रम	कर्मचारीको नाम	असुली रकम
४८.१	जम्मा	२०,०००
	असुल गर्नुपर्ने	२०,०००

४९ **बालक्लब गठन तथा प्रशिक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद

गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगरपालिका अन्तर्गत सञ्चालित १३ वटा माध्यमिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको क्षमता विकास, विद्यालयहरुसँग सम्बन्धित क्रियाकलापहरुमा पहुँच अभिवृद्धि, नेतृत्व विकास लगायत पठनपाठन सामाजिक जनचेतनासँग सम्बन्धित समस्याहरु न्यूनीकरण गर्न बालक्लब गठन तथा प्रशिक्षण गर्ने कार्यका लागि बिना प्रतिस्पर्धा श्री स्वस्थ समाजका लागि हाम्रो अभियान नेपालसँग सोझै सम्झौता गरी कार्य सम्पन्न पश्चात रू.९,९०,३००।०० भुक्तानी गरेको छ । यसरी कानूनी प्रक्रिया पुरा नगरी बिना प्रतिस्पर्धा सोझै पालिकाबाट निर्णय गरी संस्था तोकेर बजेट विनियोजन गरी कार्य गराउनु नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	९,९०,३००

५० **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विहानी किरण महिला कृषक समूह रंगेलीलाई अर्गानिक मल बनाउने तालिम बापत रू.२,२४,०००।०० भुक्तानी गरेकोमा प्राप्त बिल भरपाई अनुसार तालिममा सहभागीहरुलाई यातायात खर्च बापत रू.१८,५००।०० मात्र वितरण गरेको भरपाई पेश गरेको छ । तर उक्त खर्च बापत रू.२५,०००।०० खर्च दावी गरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रू.६,५००।०० असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	६,५००

५१ **इन्धन खर्चको मापदण्ड** - सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७९ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष कार्यालय प्रयोजनमा रू.३८,६१,०५०।०० र वडा कार्यालयतर्फ रू.६,३४,७३८।०० समेत कुल रू.४४,९५,७८८।०० इन्धन खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । साथै पालिकाको इन्धन खर्चको लगबुक परीक्षण गर्दा पत्रकार, ट्राफिक प्रहरी, भाडाको गाडी, इलाका प्रहरी कार्यालय समेतलाई इन्धनको कुपन काटी खर्च लेखेको छ । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्र्यौट गर्नुपर्दछ । अत इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

सैद्धान्तिक बेरुजु

५२ **मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रू.२९,७९,६३६।०० र मेशिनरी औजार मर्मतमा रू.८,३५,७०८।०० खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । साथै अन्य निकाय समेतको मर्मत खर्च व्यहोरेको पाइयो । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **जग्गा भाडा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३९(१३) मा चालु आर्थिक वर्षको बजेटले नखामेमा खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा आगामी वर्ष भुक्तानी दिने गरी तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीकको कच्चावारी प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले रंगेली ७ को वसपार्क दक्षिणको हटिया लाग्ने जग्गामा कृषि थोक बजारको रुपमा पूर्वाधार निर्माण कार्य भइरहेकोले उक्त बजारलाई अस्थायी रुपमा सञ्चालन गर्न रंगेली ७ बस्ने संदिप कुमार अग्रवाल समेतको नाममा दर्ता कायम रहेको ज.वि. १-८-७ हटिया लगाउने प्रयोजनका लागि भनि वार्षिक रू.२,२०,०००।०० भाडा दिने शर्तमा २०७८।३।१३ (२०७८।३।१० को नगरसभाको निर्णय अनुसार उल्लेख) मा सम्झौता भएको देखिन्छ । जग्गा भाडामा लिनु अघि सम्भाव्य सस्तो जग्गा प्राप्त गर्न कुनै सूचना समेत प्रकाशन नगरी सोझै एक व्यक्तिको जग्गा भाडामा लिने सम्झौता गरेको देखिन्छ । उक्त सम्झौतामा सो जग्गा २०७७।१।१ देखि २०७९।१।१ सम्मका लागि लिजमा लिने भनिएको र गत वर्ष समेत १ वर्षको भाडा भुक्तानी भई सकेको कार्यालयले जनाएको छ । यसरी १ वर्ष ३ महिना पछि सम्झौता गरी १ वर्ष अगाडी देखिको भाडा तिर्ने गरी सम्झौता गरेको उपयुक्त देखिएन । यसरी वार्षिक रू.२,२०,०००।०० भाडा तिर्ने गरी हटिया लगाउने प्रयोजनका लागि लिएको जग्गाबाट हाट बजार कर संकलनका लागि ठेक्का समेत लगाएको छैन । जग्गावालाको माग बमोजिम २०७८।१।१ देखि २०७९।१।१ सम्मको भाडा भुक्तानी गरेको छ । यसरी भुक्तानी बाँकीको प्रमाणित कच्चावारी समेत नराखी एवं सम्झौता भन्दा १ वर्ष अगाडी सम्मको लागू हुने गरी गरेको भुक्तानी नियमसम्मत नदेखिएकोले सम्झौता गर्नेलाई जवाफदेही बनाई पालिकाबाट यस सम्बन्धमा थप छानबिन समेत हुनुपर्ने रू.

अनियमित भएको	२,२०,०००

५४ **भूउपयोग ऐनको कार्यान्वयन -** भूमिको वर्गिकरण,समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमवाट अधिकतम र दिगो लाभ हासिलगर्न भूउपयोग ऐन, २०७६ मिति ०७६।५।६ देखि लागु भएको छ । ऐनको दफा ५ले ऐन प्रारम्भ भएको एक बर्षभित्र मन्त्रालयले स्थानीय तहको भूउपयोग नक्सा तयार गरि हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेता पनि सम्वन्धित मन्त्रालयवाट सो अनुसारको नक्सा हस्तान्तरण भई प्राप्त भएको देखिएन । त्यसैगरी दफा ६को उपदफा ५ मा स्थानीय तहले संघ र प्रदेशको भूउपयोग योजनाको प्रतिकूल नहुने गरी स्थानीय भू उपयोग योजना तयार गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष ९ वटा क्षेत्रमा भू-उपयोग क्षेत्र वर्गीकरण गरेको प्रतिवेदन पेश गरेको छ । वर्गीकरण गर्नुपर्ने १० क्षेत्र मध्ये खनिज क्षेत्र यस पालिकाका भित्र नभएको प्रतिवेदनमा उल्लेख गरिएको छ । यसरी भू-उपयोग क्षेत्र वर्गीकरण गरेतापनि भू-उपयोग योजना बनेको देखिएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिधिभित्र रही भू-उपयोग योजना तर्जुमा गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५५ **निजी नम्बर प्लेट -**

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू.५,१२,५००।०० सम्परीक्षण गरिएको ।)

५६ **संयोजक भत्ता -**

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू.८,५००।०० सम्परीक्षण गरिएको ।)

५७ **बढी भुक्तानी -**

.... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू.१८,२३२।०० सम्परीक्षण गरिएको ।)

५८ **बिल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम खर्च लेखेकोमा खर्च पुष्ट्याई गर्ने बिल भरपाई पेश नभएकोले पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

भौ.नं./मिति	विवरण	रकम
७८९।२०८०।१।८	श्री राजा धनपालथान व्यवस्थापन समितिलाई पुजाको लागि रू.११०००।०० भुक्तानी गरेकोमा बिल भरपाई पेश नभएको	११०००
१३०।२०७९।६।१३	नगरप्रमुखको तोकदेशबाट भगवती देवी माझीलाई जितिया पर्व मनाउन रू.३१०००।०० भुक्तानी भएकोमा रू. १२०००।०० को मात्र बिल पेश भई रू. १९०००।०० को बिल भरपाई पेश नभएको	१९०००

३४५।२०७९।८।२५	नगरप्रमखको तोकादेशबाट अनुग्रह चर्च आमगाछीका अध्यक्ष श्री बैद्यनाथ पंडित कुम्हारलाई रू.३१०००।०० भुक्तानी गरेकोमा के कामका लागि भुक्तानी भएको हो पुष्ट्याई गर्ने प्रमाण कागजात पेश नभएको	३१०००
जम्मा		६१०००

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू.२०,०००।०० सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	६१,०००

५९ **राष्ट्रिय युवा महोत्सव कार्यक्रम -**

~~..........~~ ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू.५०,०००।०० सम्परीक्षण गरिएको ।)***

६० **प्रविधि हस्तान्तरण** - पालिकाको वार्षिक बजेट तथा कार्यक्रममा प्रविधि हस्तान्तरण कार्यक्रम रहेको छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा ४१ को उपदफा ३ मा उपलब्ध गराईने प्रविधिको कुल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमि स्यवंमले व्यहोर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले देहाय बमोजिमका लाभग्राहीलाई देहायबमोजिमका रकम बराबरको प्रविधि हस्तान्तरण गरेको तथा सो रकममा लाग्ने अनुदान समेत भुक्तानी गरेको हुनाले पालिकाले सम्बन्धितबाट असुल गर्नुपर्ने रु

भौ नं	विवरण	सामान	कुल रकम	२० प्रतिशत अनुदान
१५७।२०७९।१२।०८	वडा नं ७ का २० जना लाभग्राही	सिलाईमेसिन	२८००००	५६०००
२८५।२०८०।३।१२	वडा नं ३ र ९ का लाभग्राही	सिलाईमेसिन	१३७८५८	२७५७१
जम्मा				८३५७१

असुल गर्नुपर्ने	८३,५७१

६१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार भएको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष १०७ जनालाई औसत ७४.१५ दिनले ७९३४.०५ दिन रोजगारी उपलव्ध गराई रु.४५,७७,९४६।०० श्रमिक ज्याला खर्च

गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **अनुदान अनुगमन** - पालिकाले विद्यालयलाई दिइने अनुदान रकमबाट कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० ले तोके बमोजिम भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ । पालिकाले यस वर्ष देहायबमोजिका विद्यालयलाई देहायबमोजिमका कार्यको लागि रु.१६,५५,०००।०० अनुदान उपलब्ध गराएको छ । उक्त अनुदान रकमबाट विद्यालयले तोकिए बमोजिम कार्य गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु

भौ नं मिति	विद्यालयको नाम	प्रयोजन	रकम रु
२५७।२०८०।३।३	महालक्ष्मी मा.वि	पुस्तकालय स्थापना	६५००००
१०४।२०७९।१०।१९	२९ विद्यालय	लेखापरीक्षण	३५५०००
जम्मा			**१००५०००**

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रू.६,५०,०००।०० सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	१०,०५,०००

६३ **बढी निकासा** -

.... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू.४,०००।०० सम्परीक्षण गरिएको ।)

६४ **शिक्षक दरबन्दी तथा पदपूर्ति** - शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय

वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियमबमोजिम विद्यालय मर्ज र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६५ **पाठ्यपुष्तक वितरण -** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को कृयाकलाप नं २.८.३ को बुँदा नं क को १ मा स्थानीय तहले IEMS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यालयहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्कयक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यस्था छ ।पालिकाले भौ नं १६७।२०७९।१२।१५ बाट विभिन्न २९ विद्यालयहरुमा रु.२,३७६,८२५।००, भौ नं १९५।२०८०।१।४ बाट विभिन्न ४ विद्यालयहरुलाई रु.१,२२,३१८।०० तथा भौ नं २९९।२०८०।३।१७ बाट विभिन्न २७ विद्यालयहरको नाममा रु.२६,८९,८३६।०० समेत रु.५१,८८,९७९ ।००विभिन्न विद्यालयको नाममा रकम निकासा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विभिन्न विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको रु.५१,८८,९७९ ।००बमोजिमको पाठ्यपुस्तक खरिद गरी IEMS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **विद्यालय अनुदान निकासाको अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो अन्तरगत क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र

आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगम** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०७९।८० मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **संस्थागत विद्यालय** - स्यानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्नेमा गरेको देखिएन । निजी विद्यालयहरुले शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विद्यालयको नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ

सैद्धान्तिक बेरुजु

६९ **दिवा खाजा कार्यक्रम** - कार्यक्रम कार्यान्वय पुस्तिका २०७९।८० को बुँदा नं २.८.७ को ग मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यालय सङ्ख्यालाई आधार मानि प्रति विद्यालयका लागि दैनिक रु १५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं घ मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यालयको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या

यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ । पालिकाले भौ नं ३८।२०७९।०६।१० बाट विभिन्न ३३ विद्यालयहरुको नाममा रु.३६,४४,८९५।००, भौ नं १७७।२०७९।१२।२० बाट विभिन्न २९ विद्यालयहरुलाई रु.५६,५३,१२५।०० , भौ नं ३७०।२०८०।३।२४ बाट विभिन्न २९ विद्यालयहरुलाई रु.११,१५,११५।००, भौ नं ३७८।२०८०।३।२४ बाट विभिन्न २ विद्यालयहरुलाई रु.१,४५,०९५।०० तथा भौ नं ३७९।२०८०।३।२४ बाट विभिन्न तीन विद्यालयहरुलाई रु.१८,४४,३५।०० समेत कुल रु.१०,७४२,६६५।०० रकम निकासा गरेको छ । यसरी दिवा खाजा वापतको रकम विभिन्न विद्यालयको नाममा निकासा गर्दा कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यालयको सङ्ख्यात्मक विवरण प्रमाणीत नगराई तथा थप निकासा दिनुभन्दा अगाडी पहिलो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भयो भएन बारे कुनै प्रतिवेदन नै जारी नगरी निकासा गरेको कार्य विश्वनिय नभएकोले यसमा सुधार हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

७० **छात्रवृति वितरण कार्यक्रम** - कार्यक्रम कार्यान्वय पुस्तिका, २०७९।८० को कृयाकलाप नं २.८.४ मा उल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृत्ति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दर अनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयको विव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितको विवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं २००।२०८०।०१।१४ बाट रु.२२,१२,९००।०० रकम छात्रवृतिका लागि विभिन्न विद्यालयको नाममा निकासा पठाएको रकमको सम्बन्धमा पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएको छात्रवृत्ति पाए नपाएको यकिन गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

७१ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २२६१ जना रहेका छन। पालिकाले जस्मिन हाइजिन प्रोडक्टस प्रा.लि बिराटनगरबाट रू.२२,८८,५५१।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई विद्यार्थी संख्याको आधारमा वितरण नगरी सबै विद्यालयलाई बराबरी दरले भरपाई मार्फत वितरण गरेको देखिन्छ । यसरी वितरण गर्दा वास्तविक माग भएको ठाउँमा प्याडको अभाव हुने तथा माग नहुने ठाउँमा प्याडको अनावश्यक भण्डारण हुने सम्भावना रहन्छ । तसर्थ

पालिकाबाट वितरण गरिएका प्याडको भण्डारण तथा वितरण विद्यालयहरुले सही ढंगले गरेको नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

७२ **समानीकरण अनुदानबाट निजि शिक्षकमा खर्च** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानिय तहलाई शसर्त बाहेक अन्य कुनै पनि किसिमको अनुदान उपलब्ध नगराउने व्यवस्था छ भने शिक्षा नियमावली २०५९ को नियम १०५ मा सामुदायिक विद्यालय आफ्नै श्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब भत्ता विद्यालय आफैले वयहोर्नु पर्ने उल्लेख छ। पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवम् विद्यालयले गत विगतदेखिनै निजि शिक्षक पालिका आफै एवम विद्यालयले नियुक्त गरि तलब भत्ता वापतको रकम अनुदान भनि विद्यालयको खातामा ट्रान्सफर गरेको देखिन्छ । यसरी निजि शिक्षक नियुक्त गर्दा पालिकाको आन्तरिक आयको आधारमा पारिश्रमिक व्यहोर्ने गरी गर्नुपर्दछ । तर नेपाल सरकारले स्थानीय तहलाई शिक्षक तलब भत्तामा शशर्त अनुदान उपलब्ध गराए पनि पुनः समानिकरण बाट निम्न अनुसारका निजि शिक्षकहरुको पारिश्रमिक वापत विद्यालयको खातामा रकम निकासा गरेको देखियो । नियम विपरित यस्तो भुक्तानी दिने कार्य बन्द गर्नुपर्दछ ।

क्र.सं.	विवरण	निकासा रकम
१	विभिन्न ७ विद्यालयलाई १२ जना शिक्षकको लागि चाडवर्प सहित विषयगत शिक्षक अनुदान	४१२०८९९
२	विभिन्न ४ धार्मिक विद्यालयलाई शिक्षकहरुको प्रोत्साहन भत्ता बापत अनुदान	२०८०००
३	विभिन्न ३ विद्यालयलाई अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन प्रोत्साहन अनुदान	१०५०००
जम्मा		**४४३३८९९**

सैद्धान्तिक बेरुजु

७३ **ग्रेड भुक्तानी** - आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुग वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायबमोजिमका विद्यालयहरुको शिक्षकहरुको तलब भुक्तानी गर्दा निजको नाममा तलबी प्रतिवेदन पारित नगरी तथा पारित गरिएको भन्दा बढी हुने गरी ग्रेड रकम भुक्तानी गरेको हुनाले सो को पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु

विद्यालय	शिक्षक	भुक्तानी हुनुपर्ने ग्रेड	भुक्तानी भएको ग्रेड	दर	बढी ग्रेड भुक्तानी	कैफियत
बिरेन्द्र आ.वि-९	विना यादव	०	२	१०९७	३१३७४	वर्षभरी(क.स.कोषसमेत)

लक्ष्मी आ.वि	रमेश कुमार खडक्का	०	८	११५८	१३२४७५	वर्षभरी(क.स.कोषसमेत)
	दिनेश कुमार खड्का	०	२	११५८	३३११८	वर्षभरी(क.स.कोषसमेत)
रत्न मा.वि	सुरज कुमार मण्डल	०	२	११५८	३३११८	वर्षभरी(क.स.कोषसमेत)
जम्मा					२३००८५	

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रू.१,६५,५९३।०० सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	६४,४९२

७४ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले ८ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकम बैङ्कमा बाँकी रहेको देखिएन ।यसमा देखिएका व्यहोरा निम्नानुसार छन्

७४.१ सामाजिक सुरक्षा भत्ता वितरणः यस पालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा भत्ता वितरणको आ.व. २०७८।७९ तथा आ.व. २०७९।८० को अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.सं.	लाभग्राही वर्ग	आ.व. २०७८।७९ को चार त्रैमासिकको औसत संख्या	आ.व. २०७९।८० को चार त्रैमासिकको औसत संख्या	भत्ता दर
१	जेष्ठ नागरिक	२५९३	३२६९	४०००
२	अन्य जेष्ठ नागरिक	४७६	३५६	२६६०
३	जेष्ठ नागरिक (एकम महिला)	७२९	५३५	२६६०
४	विधवा	८०८	७८१	२६६०
५	पूर्ण अपाङ्गता (क वर्ग)	१५५	१५५	३९९०
६	अति अशक्त अपाङ्गता (ख वर्ग)	३४८	३४४	२१२८
७	बालबालिका दलित	५२७	५१८	५३२
जम्मा संख्या		**५६३६**	**५९५८**	

सैद्धान्तिक बेरुजु

७४.२ **एम.आई.एस. विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस.मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं. दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७४.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा पालिकाबाट प्राप्त रकम बैंकले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (रिभर्स फिड सहित) कार्यविधिको अनुसूची-८ बमोजिम रिभर्स फिड त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई अनिवार्य रुपमा पठाउनुपर्ने उल्लेख छ । साथै वितरण नभई रकम बाँकी भए सो समेतको विवरण बैंकले कार्यालयलाई उपलब्ध गराउनु पर्दछ । पालिकाले ९ वटा वडाहरुमा भत्ता वितरण गर्न बैंकहरुमा रू.**२१,९३,७९,७६३**।०० पठाएको व्यहोरा श्रेस्ताबाट देखिन आएको छ । लेखापरीक्षणमा सबै बैंकहरुबाट सबै त्रैमासिकको रिभर्स फिड प्राप्त नभएकोले यस सम्बन्धी थप परीक्षण गर्न सकिएन । सामाजिक सुरक्षा भत्ता बैङ्किग प्रणाली मार्फत भुक्तानी भएको तर पालिकाले बैंकहरुसँग हिसाब मिलान कार्य रिभर्स फिड माग गरि समयमा हिसाब फरफारक गरेको पाइएन । तसर्थ पालिकाको सामाजिक सुरक्षामा भएको खर्चहरु एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

७५ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **नगरपालिका परिसरमा हरियाली प्रवर्द्धन तथा पूर्वाधार निर्माण** - नगरपालिका परिसरमा हरियाली प्रवर्द्धन तथा पूर्वाधार विकास निर्माण गर्नको लागि नगरपालिकाले यस वर्ष रू.६५,१२,१४९।०० र गत आर्थिक वर्षमा रू.२२,४६,७३२।०० सहित हरियाली उद्यान निर्माण उपभोक्ता समिति रंगेली ७ लाई रू.८७,५८,८८१।०० भूक्तानी भएको छ । उपभोक्ताले कार्य सम्पन्न गरी भूक्तानीको लागि पेश गरेको फाँटवारी परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियोः

७६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्षको सम्झौता अनुसार २०७९ असार २० सम्ममा कार्य सम्पन्न गरी सक्नुपर्नेमा २०७९ पौष मसान्त सम्मलाई म्याद थप गरी कार्य गरेको देखिन्छ । नियम वेगर उपभोक्ता समितिलाई म्याद थप गरि कार्य गरेको नियमसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

७६.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा रू.१ करोड लागत अनुमान भएको काम उपभोक्ताबाट गराउन सकिने उल्लेख छ । उपनियम १ (क) मा रू.१ करोड रुपैयाँ सम्मको लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड रकम र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ । सोही व्यवस्था अनुसार कुल रू.९९,९८,९४४।४१ को लागत अनुमानमा मु.अ.कर रू.१२,९९,८६२।७७ ओभरहेड रू.१४,९९,७७४।९१ समेत रू.१,२७,९८,५८२।०९ लागत अनुमान रकम हुन आउँछ । यसरी पालिकाले सार्वजनिक खरिद नियम विपरित गराई भुक्तानी गरेको रू.८७,५८,८८५।०० नियम सम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

७६.३ निर्माण कार्य सम्बन्धी रकम भूक्तानी दिनुपूर्व सम्बन्धित प्राविधिकले उपभोक्ताले पेश गरेको बिलबिजक को विश्वसनियता कायम गरी रकम भूक्तानी दिनु पर्दछ । पालिकाले निर्माण कार्यको इकाई दर विश्लेशन

गरे अनुसार देहायका कार्यको भुक्तानी दिनुपर्नेमा Wastage % थप गरि बढी भुक्तानी दिएको छ । उक्त बढी भुक्तानी असुल गरी दाखिला गनुपर्ने रू.

आईटम नं र कार्यविवरण	Wastage %	परिमाण	भुक्तानी दर	बढी भुक्तानी रकम
५ Supplying Reinforcement bar cutting, bending, binding all complete	५%	३८.३६	११४.९८	४४१०
१८ Supplying and fitting १५-२०mm highly polished Sanford EMCER slab on Sitting chair incluiding polishing and all required materials all complete.	१०%	१२.०७	६२००	७४८३४
१९ Supplying and fitting १५-२०mm Granite on Sitting chair incluiding polishing and all required materials all complete.	१०%	९.८६	७९३९.६	७८२५४.८७
जम्मा				**१५७४९८.८७**

असुल गर्नुपर्ने	१,५७,४९८

७६.४ पालिकाले उपलब्ध गराएको विवरण अनुसार सडक, भवन, खरिद जस्ता कार्यमा ई विडिङ मार्फत काम गर्दा ४० प्रतिशत बढीमा सम्झौता भई कार्य गराएको देखिन्छ । उपभोक्ताले लागत मूल्यमा काम गर्दा निर्माण कार्यको मितव्ययिता माथी प्रश्न गर्नुपर्ने स्थिति छ । यसतर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

सैद्धान्तिक बेरुजु

७७ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
११६।०८०।३।२०	कोचेनी चेका खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति	झोलुङ्गे पुल निर्माण	१५,५५,२७४।००

	जम्मा		**१५,५५,२७४।००**

सैद्धान्तिक बेरुजु

७८ **भुक्तानी प्रकृया -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा रू. २५ हजार भन्दा माथीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिका अन्तर्गतका वडा द्वारा सञ्चालित विभिन्न शिर्षक तथा कार्यक्रमहरुमा खरिद सामग्रीहरुको रकम भुक्तानी गर्दा नियमावलीको व्यवस्था बमोजिम रू.२५ हजार भन्दा बढीको खरिद गर्दा सोझै आपूर्तकलाई भुक्तानी दिएको पाइएन । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ साथै वडा द्वारा गरिएका खरिद कार्यको भुक्तानी गर्दा वडा सचिव तथा प्राविधिकलाई भुक्तानी दिने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ । उदाहरणको लागि देहाय बमोजिम रहेका छन् ।

गो.भौ.नं	विनियोजित शीर्षक	भुक्तानी लिने	खर्च रकम
३८५।२०८०।३।१९	महालक्ष्मी मावि दर्वेशामा माटो पुर्ने शिभम् निर्माण सेवा प्रालि को कार्य	नरेश कुमार गछदार	६१२०८
२५७।२०७९।१२।२९	रंगेली ३ अन्तर्गत खानेपानी टंकी जाने सडकमा माटोको काम रंगेली निर्माण सेवा प्रालिले गरेबापत रकम भुक्तानी	रंगेली खानेपानी उपभोक्ता तथा सरसफाई संस्था	२३३९९९
जम्मा			**२९५२०७**

सैद्धान्तिक बेरुजु

७९ **जनश्रमदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रू.

गो.भौ.नं./मिति	उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	उपभोक्ताले व्यहोर्ने %	घटी अनुपातिक कट्टी रकम
३६७।०८०।३।७	रंगेली डिभाईडर वृक्षारोपण उ स रंगेली २ बेतौना चौक देखी रंगेली ७	४२१३५००	४२१५५००	५%	१५७१२५

	हुदै रंगेली ६ मधुवनी चौकसम्मको सडक डिभाईडर मा वृक्षारोपण				
	जम्मा				**१५७१२५**

असुल गर्नुपर्ने	१,५७,१२५

८० **कर्मचारी कल्याणकोषमा ट्रान्सफर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्दछ । नगरपालिकाले २०७६ श्रावण देखि पछि नियुक्ति हुने कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारीत निवृत्तिभरण कोषमा जम्मा गर्ने गरेको पाइयो । अन्य कर्मचारीको हकमा १० प्रतिशत रकम कट्टा गरी अवकास कोषमा रकम जम्मा गर्ने गरेको पाइएन । नगरपालिकाले यस बर्ष कर्मचारी कल्याण कोषको कार्यविधिको व्यवस्था बमोजिम पालिका चालु शिर्षकबाट रू.२५,००,०००।०० कर्मचारी कल्यान कोषमा ट्रान्सफर गरेकोमा यस वर्ष कर्मचारी कल्याण कोषबाट खर्च गरेको छैन ।

सैद्धान्तिक बेरुजु

८१ **पारिश्रमिक कर** - आयकर ऐन,२०५८ को दफा ८७ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्तगरेको आयमा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । पालिकाका देहायबमोजिमका कर्मचारीहरुको पारिश्रमिक आयमा लाग्ने कर घटि कट्टी गरेकोले कर बापतको रकम असुल गर्नुपर्ने रू.

कर्मचारीको नाम थर	पद	कर योग्य आय	तिर्नुपर्ने कर	तिरेको कर	बाँकी कर
डा. अरुण भट्टराई	अधिकृत आठौं	१९८४१८६	३५१२५६	२१७२६९	१३३९८७
डा. उत्तम देव	मे.अ. आठौं	७३८४८६	१९८४९	६९२४	१२९२५
ललित कुमार यादव	अधिकृत छैटौं	७९६०८५	२५६०८	७३२०	१८२८८
जम्मा					**१६५२००**

(प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रू.१,५२,२७५।०० सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	१२,९२५

८२ **प्रोत्साहन भत्ता बढी भुक्तानी** -

✍ .... (प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रू.११,३७५।०० सम्परीक्षण गरिएको ।)

८३ **यातायात खर्च** - गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३, अनुसूची-१(ख) मा नगरपालिकाका वडा अध्यक्षले पाउने सुविधाबारे उल्लेख गरिएको छ । जस अनुसार यातायात खर्च बापत मासिक रू.४,५००।०० पाउने उल्लेख छ । वडा नं. ५ का वडा सचिव श्री सत्य नारायण मण्डलले पालिकाबाट एक मोटरसाइकल बुझि लगेकोमा मासिक रुपमा वडा सञ्चालन खर्चको विवरण बुझाउँदा उक्त मोटरसाइकल वडा अध्यक्ष श्री महानन्द मण्डल केरवतले इन्धन सहित बुझेको देखिन्छ । यसरी मासिक यातायात खर्चको रुपमा रु.४,५००।०० का दरले सुविधा लिइरहेको अवस्थामा सवारी साधन र इन्धन समेत लिएको देखिँदा दोहोरो सुविधा लिएको देखियो । अन्य वडाका वडा सचिवले बुझिलिएका मोटर साइकलहरु पनि यसरी नै वडा अध्यक्षहरुले इन्धन सहित प्रयोग गरे नगरेको सम्बन्धमा पालिकाबाट छानबिन गरी दोहोरो सुविधा लिएको देखिएमा मासिक रुपमा रू.४,५००।०० का दरले बुझि लिएको सुविधा असुल गराउनुपर्दछ । वडा नम्बर ५ का वडा अध्यक्षले सहिछाप गरी इन्धन सहित मोटरसाइकल (को १ ब १४९९) प्रयोग गरेको स्पष्ट देखिएको हुँदा मासिक रू.४,५००।०० का दरले हुने रू.५४,०००।०० असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	५४,०००

८४ **महिला पुनर्स्थापना केद्र (ओरेक) लाई भुक्तानी** - पालिका र महिला पुनर्स्थापना केन्द्र (ओरेक) मोरङ बीच २०७९।४।२५ मा भएको सम्झौता प्रस्तावना तथा पालिकाको मिति २०७९।५।१ को स्वीकृत टिप्पणी अनुसार आर्थिक वर्ष २०७९।८० को वार्षिक स्वीकृत कार्यक्रम ओरेकसँगको साझेदारीमा लैङ्गिक हिंसामा परेका व्यक्ति तथा सोको सम्बोधनका लागि तालिम सुरक्षा तथा मनो विमर्श केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यका लागि रू.१९,३२,५१६।०० मध्ये पालिकाले रू.४,४७,३७६।०० तथा ओरकको तर्फबाट रू.१४,८५,७६०।०० व्यहोर्ने सम्झौता भएकोमा ओरेकले उक्त कार्यमा खर्च भएका रू.४,६५,३३५।०० का बिल संलग्न गरी पालिकाले व्यहोर्ने अंश रू.४,४७,३७६।०० भुक्तानी गरेको छ । तर पेश भएका बिल अनुसार ओरेकको लागत साझेदारी रू.१८,९५८।०० मात्र देखियो । सम्झौता प्रस्तावना तथा स्वीकृत टिप्पणी अनुसार कुल लागत रू.१९,३२,५१६।०० मध्ये पालिकाको अंश २३.१५ प्रतिशत र WOREC को अंश ७६.८५ रहेकोमा पेश भएको बिल भरपाईका आधारमा पालिकाले रू.१,०७,७२५।०० मात्र भुक्तानी गर्नुपर्नेमा रू.४,४७,३७६।०० भुक्तानी गरी रू.३,५७,६१०।०० बढी भुक्तानी गरेको देखियो । सम्झौता अनुसार थप रू.१४,७५,७६०।०० समेत कुल रू.१९,३२,५१६।०० खर्च भएको पुष्टि हुने कार्य सम्पन्न प्रतिवेदन सहित प्रमाण पेश हुनुपर्ने अन्यथा बढी भुक्तानी भएको रू.३,५७,६१०।०० असुल हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	३,५७,६१०

८५ **विगतका वडा सदस्यलाई भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विगत कार्यकालका वडा नं. ३ का वडा सदस्य श्री मिन बहादुर कार्कीको खातामा २०७९ जेष्ठ १० देखि २०७९ असोजसम्म (चाडपर्व समेत) रू.५६,६६७।०० पठाएको देखियो । हालका १ जना वडा सदस्यको नाम पनि मिन बहादुर कार्की नै भएकोले भुलवस उक्त खातामा जम्मा हुन गएको पालिकाले जनाएको छ । यसरी अनधिकृत रुपमा फरक व्यक्तिको खातामा जम्मा गरेको रकम अविलम्ब असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	५६,६६७

८६ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.३७ करोड ९१ लाख ६५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८७ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र सं	नाम कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत	कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट)
गत वर्षको						
१	रंगेली ५ र ६ माझी टोल देखि संथाल टोल जाने घाघी खोलामा कल्भर्ट निर्माणको डि.पि.आर. ।	रुपेश इन्जिनियरिंग सिराहा	५००	४९५.६	१८२७९.३४५	७०००

२	मरिया बक्राहा (डाँस) खोलामा तटबन्ध निर्माणको डि.पि.आर. ।	प्रिशा इन्जिनियरिङ बिराटनगर	५००	४९१.५	४४३५६३.४५४	नभएको
३	रंजनी हटियामा कल्भर्ट, बाथरुम सहितको पार्क, लवटोली, डाँगा टोल, साहु टोलमा कल्भर्ट निर्माण रंगेली ३,५,६ र ७ को डि.पि.आर. निर्माण ।	सगरमाथा इन्जिनियरिंग सिराहा	५००	४९५.८	२८७८८.०३०	१५३००
४	कयर खोला बक्स कल्भर्ट, धैती खोलामा सिचाँई गेट भमरी टोल जाने सडक र राम राई घर जाने सडकमा कल्भर्ट निर्माणको डि.पि.आर. ।	कल्याण इन्जिनियरिंग सिराहा	५००	४९७.९		
यो बर्षको						
१	१ देखि ९ सम्मका विभिन्न सडकहरुको डि.पि.आर.	रुपेश इन्जिनियरिंग सिराहा	२१०	२०६.२२५	५७८८४४.२४०	७००००
२	काली मन्दिर सामुदायिक भवनको इन्टेरियर डिजाईन तथा इष्टिमेटको लागि डि.पि.आर.	ट्राईव इन्जिनियरिङ सर्भिसेज प्रा.लि., नागार्जुन	४००	३७५.७२५	७०६९७.४९०	नभएको
३	मध्यकालिन खर्च संरचना निर्माण कार्य ।	जियो इन्फो सोलुशन एण्ड रिसर्च सर्भिस, कोटेश्वर	३५०	३४५		नभएको
४	आवाधिक योजना निर्माण ।	भूगोल इन्जिनियरिङ कन्सल्टेन्सी काठमाण्डौं	१४५०	११७३.७९		नभएको
५	भू–उपयोग बर्गिकरण ।	पाथवे नेपाल प्रा.लि., इटहरी	१९००	१८५०		नभएको
६	कयर खोला सिमाबाँध निर्माणको डि.पि.आर. ।	बिल्ड स्मार्ट इन्जिनियरिङ कन्सल्टेन्सी बिराटनगर	५००	४७५	३०००५.७१०	१४०००
७	रंगेली रंगशाला निर्माणको डि.पि.आर. ।	हर्मेश इन्जिनियरिङ सोल्युसन प्रा.लि.	१२००	११७३.७९	७३२००.०५६	नभएको

८	कोचेनी चेका खोला (सामाजिक, प्राविधिक परापर्श सेवा) (बाँकी रकम भुक्तानी दिएको)	परिवर्तनका लागि हाम्रा हातहरु, इटहरी	२६०	२५७.५३		

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

८८ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८९ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **कार्यसम्पादन जमानत कम भएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) मा बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्ने व्यवस्था छ । यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षणका लागि छनौट गरेको देहायका निर्माण कार्यको कार्यसम्पादन जमानत घटी भएकोले थप गरेको प्रमाण पेश हुनु पर्ने रू.

ठेक्का नं	निर्माण व्यवसायीको नाम	लागत अनुमान	सम्झौता रकम	कार्य सम्पन्न गर्नु पर्ने मिति	हुनुपर्ने कार्यसम्पादन जमानत रकम	पेश भएको कार्यसम्पादन जमानत रकम	नपुग रकम
५।०७९।०८०	प्रेरा। विष्णु। देवीडाडा जेभी	६१९६२५५६५	४५६४८२७४७	२०८०।३।२०	५७९२३६२८	५६४६००००	१४६३६२८
१२।०७७।०७८	रविना।किरातेश्वर । अविसा जे.भी	३७९२६०२९६	२५४९७१७२७	२०८०।१०।३०	४६४४८३४८	४१७७२०००	४६७६३४८
०७।०७९।०८०	शान्तीदेवी । रंगेली । काली नांग जेभी	४३६१७४२६	३०७१५४७५	२०८१।३।२०	४७१५४४२.३	४२३४०००	४८१४४२.३
२१।०७७।०७८	नमूना हिमालयन जेभी	१२९८५३९४९	८३३९६७२७	२०८०।९।३०	१७६५९४०१	१६१५३००००	१५०६४०१
जम्मा					१२६७४६८१९	११८६१९००००	८१२७८१९

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रू.१५,०६,४०१।०० सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	६६,२१,४१८.३

९१ **भेरिएसन** - सार्वजनिक खरिद नियमावली २०६३ को दफा ११८ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिमम सार्वजनिक निकायले भेरीएशन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नु पर्नेछ ।(२) उपनियम (१) बमोजिम निर्माण कार्यको भेरिएशन आदेश जारी गर्नु पर्दा देहाय बमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्नेछः (क) निर्माण कार्यको ड्रईङ डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा

क्षेत्र परिवर्तन हुने वा नहुने कुरा (ख) भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण (ग) ऐनको दफा ५क को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत र (घ) स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा भन्ने व्यवस्था छ । लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका निर्माण योजनाको पालिकाले भेरिएशन रकम भुक्तानी दिएको छ । खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा मात्र भेरिएसन स्वीकृत गरि भुक्तानी दिनुपर्नेमा प्राय जसो ठेक्कामा भेरिएसन कार्य भएको हुदा पालिकाले ऐन/ नियममा भएको व्यवस्था पालना गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा ९१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९२ **सडक कालोपत्रे** - पालिकाको वडा नं १ देखि ९ सम्म विभिन्न ३८ किलोमिटर सडक कालोपत्रे निर्माण कार्यका लागि रू.५७,५८,४४,२४०।४० को लागत अनुमान तयार गरी वोलपत्र आब्हान भएकोमा प्रेरा । विष्णु । देवीडाँडा जेभीसँग २०८२।०३।२० मा कार्यसम्पन्न गर्ने गरी रू.४२,१२,२०,८२८।५४ मा ठेक्का सम्झौता गरेको छ । ठेक्का सम्झौता पश्चात मिति २०७९।९।४ मा रू.३,५२,६१,९२०।४७ को भेरिएसन तयार गरी नगरसभामा पेश भै स्वीकृत अनुसार भेरिएसन पछिको लागत अनुमान रू.६१,९६,२५,५६५।११ र कबोल अंक रू.४५,६४,८२,७४७।४८ निर्धारण भएको छ । यस सम्बन्धि देखिएका व्यहोरा देहाय बमोजिम छन्

सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२४(१) अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा मोविलाईजेशन पेश्की सहित तेश्रो रनिङ्ग बिल सम्म भुक्तानी दिएको दिएको छ । तेश्रो रनिङ्ग बिल सम्ममा पेश्की बाहेक रू.३,५४,२२,३०७।५१ भुक्तानी दिएको छ । यस भुक्तानीमा संलग्न भएको फाँटबारीमा पेश भएको नापी किताबमा देहायको आईटम कार्यमा ठेक्का बिलमा फरक पारी भुक्तानि दिएको पाइयो । त्यसैले यस कार्यको एकिन गरी प्रमाण पेश गर्नुपर्ने रू.

सि नं	काम	भुक्तानी परिमाण	नापीमा भएको परिमाण	घटी तथा बढी	दर	रकम
१	Pcc work	३७८.३४	४२६.३९	-४८.०५	१२०००	६५१५५८
२	placing concrete	४८४.५४	५२८.९९	-४४.४५	१२०००	६०२७४२
३	Wooden form work	४४७१.३	४७८९.८४	-३१८.५४	६००	२१५९७०
जम्मा						१४७०२७०

प्रमाण पेश नगरेको	१४,७०,२७०

९३ **स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास** - स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास निर्माणका लागि रू.४,८६,९३,०४४।२१ को लागत अनुमान तयार गरी वोलपत्र आब्हान भएकोमा जेशिका/शान्ति/मचिन्द्र जेभीसँग २०७८।०९।३० मा कार्यसम्पन्न गर्ने गरी रू.२,८७,०४,५०३.७० मा ठेक्का सम्झौता गरेको छ । यस सम्बन्धि देखिएका व्यहोरा देहाय बमोजिम छन्

प्लास्टर कार्य भुक्तानी - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस भवन निर्माणको नापी कितावमा १२.५ mm thick cement sand plaster work (१४) को रनिङ्ग बिलमा कुल परिमाण २९१८.५२ MR को सम्झौता दर रू.३००।०० का हिसाबले रू.९,८९,३७८.२८ (मुअकर सहित) भुक्तानी दिएको देखिन्छ । भवनमा प्लास्टर कार्यको भुक्तानीमा झ्याल तथा ढोकाको क्षेत्र घटाई भुक्तानी दिनुपर्नेमा नघटाई Windows १६.८ वर्गमिटर र Door २७.४१२५वर्गमिटर को भुक्तानी दिएकाले सो बढी भुक्तानी भएको रू.१४,९८७।०० निर्माण व्यवसायीबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१४,९८७

९४ **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । नेपाल युवा विल्डर्स काठमाण्डौं सँग दौलतपुर संस्थान बस्ती चिल्वा चौक हुदै अगेली चौक जाने सडकमा माटो पुरी कम्प्याक्सन कार्यका लागि रू.१,०६,०६,६५१।०० को ठेक्का सम्झौता भएकोमा समयमा काम सम्पन्न नभएकोले २०७९।०९।३० सम्मका लागि म्याद थप गरिएको थियो । सो समयमा पनि निर्माण व्यवसायीले कार्यसम्पन्न गर्न नसकी २०७९।११।०८ मा मात्र कार्यसम्पन्न गरेकोले म्यादभन्दा ३८ दिन ढिलाइ गरी कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्यगर्ने निर्माण व्यवसायीबाट (कबोल अंक रू.१,०६,०६,६५१।०० को ०.०५ प्रतिशतका दरले ३८ दिनको) रू.२,०१,५२६।०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२,०१,५२६

९५ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२४(१) अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायको ठेक्कामा भवन निर्माणमा प्रयोग हुने डण्डी कार्यको इकाई दर विश्लेशन गरे अनुसार भुक्तानी दिनुपर्नेमा Wastage % थप गरि भुक्तानी दिएको छ । यसरी Wastage % थप गरी भुक्तानी दिँदा

स्याटच्याण्डर नर्म्स भन्दा बढी भुक्तानी भएको देखिन्छ ।उक्त बढी भुक्तानी असुल गरी दाखिला गनुपर्ने रू.

ठेक्का नं	निर्माण व्यवसायी	कार्यविवरण	Wastage %	परिमाण (Kg)	भुक्तानी दर	बढी भुक्तानी रकम
१२।२०७७।७८	रविना।किरातेश्वर । अविसा जे.भी (कृषि बजार पूर्वाधार निर्माण)	Supplying Reinforcement bar cutting, bending, binding all complete	५%	८५७१.९१	१०१.७०	८७१७६३.२४
२३।२०७७।०७८	दाप्चा। सिमपानी जेभी (शित भण्डार निर्माण रंगेली ७)	Steel works	५%	३८३१.८४	१४०।००	५३६४५७.६०
जम्मा						१४०८२२०.८४

असुल गर्नुपर्ने	१४,०८,२२०.८४

९६ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ५(७ र ८) बमोजिम प्रथम किस्ता वापत प्राप्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत को रकम उपलब्ध गराउने व्यवस्था छ । सोही कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गारईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम असुल गर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत देहायबमोजिमको वडामा प्रथम दोश्रो र अन्तिम किस्ता तथा एकमुष्ट कुल किस्ता समेत को रकम भुक्तानी दिएको देखियो । सो रकम कार्यविधि अुनसार जुन प्रयोजनका लागि प्रदान गरिएको हो सोही प्रयोजनमा खर्च भए नभएको एकिन गर्न सकिएन । पालिकाले यस सम्बन्धमा अनुगमन गरी अनुदानको सही सदुरुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

वडा नं	पहिलो किस्ता	दोश्रो तथा अन्तिम किस्ता २०७८	अन्तिम किस्ता २०७९
वडा नं १	५०	०	५०
वडा नं २	५०	०	५०

वडा नं ३	५०	०	३४
वडा नं ४	६३	०	६२
वडा नं ५	६३	६२	६२
वडा नं ६	६३	६३	६३
वडा नं ७	६३	०	६२
वडा नं ८	५०	०	४७
वडा नं ९	४६	०	४६
जम्मा लाभग्राहीको संख्या	४९८	१२५	४७६
भुक्तानी दर	३००००	२००००	२००००
जम्मा भुक्तानी रकम	**१४९४०००**	**२५०००००**	**२३८०००००**

सैद्धान्तिक बेरुजु

९७ **ननफाईलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । पालिकाले देहाय आपुर्तकलाई सामान खरिद कार्यको भुक्तानी दिएकोमा पेश भएको कर बिजक PAN SEARCH गर्दा करदाता ननफाइलर देखिएको छ । तोकिएको समयमा कर बिबरण नबुझाउने करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिँदा राजश्व खातामा दाखिला नहुने हुँदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा ३० प्रतिशत कट्टी गरी असूल गर्नुपर्ने रू.

भौ नं मिति	आपुर्तक	मु अ कर द नं	विजक नं मिति	मु.अ. कर	नन्नफाईलर
६।२०७९।६।१२	रविना किराँतेश्वर अविशा जेभी	६१५०५५३६३	१।२०७९।६।११	५३३६८१	Non-filer २०७८.०७९
६१।२०७९।१२।२९	रविना किराँतेश्वर अविशा जेभी	६१५०५५३६३	२।२०७९।१२।१७	५६६२३३	Non-filer २०७८.०७९
२०९।२०८०।१।३१	रविना किराँतेश्वर अविशा जेभी	६१५०५५३६३	३।२०८०।१।२९	५०५४२३	Non-filer २०७८.०७९
३७६।२०८०।३।२४	रविना किराँतेश्वर अविशा जेभी	६१५०५५३६३	६।२०८०।३।२४	१३१४६३६	Non-filer २०७८.०७९
२००।२०७९।११।२१	प्रेरा।विष्णु।देवी डाडा जेभी	६१९२३४२५६	१।२०७९।११।१९	६८७६६९	२०७९/M९

३११।२०८०।१।३१	प्रेरा।विष्णु।देवी डाडा जेभी	६१९२३४२५६	२।२०८०।१।२६	११७३९९०	२०७९/M९
३९४।२०७९।३।२०	काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी	६०३५५७६३५	४९।०८०।३।१७	२९१३१८	Non-filer since २०८०/T/१
३०३।०८०।१।२१	काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी	६०३५५७६३५	३७।०८०।१।१९	३५३९४५	Non-filer since २०८०/T/१
१७४।२०७९।११।१६	ड्रैगनचौधरी जे.भी.	६१७११३३२२	१।०७९।११।१६	१३७०४९	Non-filer since २०७८/M७
२२७।२०७९।१२।१३	ड्रैगनचौधरी जे.भी.	६१७११३३२२	२।०७९।११।१६	५९१७८	Non-filer since २०७८/M७
२७६।२०८०।१।७	ड्रैगनचौधरी जे.भी.	६१७११३३२२	३।०८०।१।७	९४८५०	Non-filer since २०७८/M७
जम्मा				७७३५२८८	

प्रमाण पेश नगरेको	५७,१७,९७२

९८ **क्रमागत योजना कार्यान्वयनको अवस्था -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजना तथा कार्यक्रमहरुको कार्यालयगत र केन्द्रीय निकायगत भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सुधारका लागि चाल्नु पर्ने कदमहरु समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारका अधुरा योजनाहरुको आ व ०७८।७९ मा कार्यसम्पन्न हुन नसकी यो वर्ष जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । क्रमागत आयोजनाहरुको श्रोत सुनिश्चित समेत भएको देखिएन । नियम अनुसार भौतिक र वित्तीय पक्षको समीक्षा गरी ठेक्का सम्झौता अनुसारको Work Activity Schedule अनुसार कार्यसम्पन्न गराउनेतर्फ पालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा ९८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९९ **बढी पेश्की -**

✍ ....(प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रू.६,३६,२१८।०० सम्परीक्षण गरिएको ।)

१०० **प्रोभिजलन सम** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ। पालिकाले भुक्तानी गरेको प्रोभिजनल सम को विमा लगायत विभिन्न आईटम वापतको रकम निर्माण ठेक्कामा निर्माण व्यवसायिलाई रनिङ बिल तथा अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल समबाट बिल बीजकबेगर भुक्तानी दिएकोले बिल विजक तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा रकम असुल गर्नुपरर्ने रू.

गोभौनं मिति	निर्माण व्यवसायी	कार्य विवरण	प्रोभिजनल सम रकम
२।२०७९।१२।२३	नमुना कन्स्ट्रक्सन प्रालि विराटनगर	नपाको प्रशासनिक भवन निर्माण	२५०००
१८५।२०७९।११।१९	नेपाल यूवा विल्डर्स काठमाण्डौं	सडक माटो पुरी कम्प्याक्सन कार्य	२००००
४५१।०८०।३।२४	प्रेरा विष्णु देवीडाडाँ जेभी	वडा १ देखी ९ सम्म कालोपत्रे (भुक्तानी रू.५०००० मा रू.२०३४० को मात्र विल पेश)	२९६६०
जम्मा			७४६६०

प्रमाण पेश नगरेको	७४,६६०

१०१ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.४८ देखि ५०.७२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा १०१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१०२ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०३ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रू.२,४७,०१५.५० हजारका ११ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा १०३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१०४ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति

नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । पालिकाको छनौट गरी परीक्षण गरिएका ठेक्का विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ४२ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका ५ ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा १०४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१०५ **रितपूर्बकको कर बिजक** -मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रू.३७,८०,५४८।०० समेत रू.३,२८,६१,६९३।०० निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम
४५९।२०८०।३।२४	प्रेरा।विष्णु।देवी डाँडा जेभी	६१९२३४२५६	मिति नलेखिएको	१९१९०१८४	२२०७७२०
२।२०७९।७।२९	नमुना हिमालयन जेभी	६१६०१२४४२	कार्तिकको कारोबार चैत्रमा बिजक जारी	९९०५६८३	११३९५९२
४४०।२०८०।३।२४	काबिल कन्स्ट्रक्सन एण्ड सप्लार्यस कम्पनी	६०३५५७६३५	विजक नं नभएको	६८९२२६	७९२९१
३०३।२०८०।१।२१	काबिल कन्स्ट्रक्सन एण्ड सप्लार्यस कम्पनी	६०३५५७६३५	विजक नं हातले लेखेको	३०७६६००	३५३९४५
	जम्मा			**३२८६१६९३**	**३७८०५४८**

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रू.११,३९,५९२।०० सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	२६,४०,९५६

१०६ **औषधि खरिद** - पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र निशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायका फर्मसँग रु.२९,६२,३१६।०० को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । त्यसैगरी औषधि दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन । अत पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

भौ.नं	बजेट उपशिर्षक	आपुर्तकको नाम	भुक्तानी रकम	कैफियत
१६४।२०७९।१२।०८	सशर्त चालु	हेल्पिङ मल्टीपर्पोज प्रा.लि	१६०८६८९।००	
२५५।२०८०।३।०३	सशर्त चालु	अष्टाङ्ग फर्मास्युटिकल्स प्रा.लि इटहरी	३९०७०५।००	
१९।२०८०।१।१७	सशर्त चालु	भेटिनरी मेडिसिनल वर्लड	९६२९२२।००	ब्याज नं तथा expiry date छैन
जम्मा			२९६२३१६	

सैद्धान्तिक बेरुजु

१०७ **न्यानो झोला खरिद** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ बर्थिङ सेन्टर तथा नगरअस्पतालको लागि गत वर्षमा कति थान न्यानो झोला खरिद गरेको थियो सो सम्बन्धमा पालिकाबाट कुनै जानकारी प्राप्त भएन । साथै यस वर्ष १६५० थान न्यानो झोला रु.१४,८५,४७८।०० मा खरिद गरेकोमा गत वर्ष कति जनाले

प्रसुति गराएको जानकारी प्राप्त नभएको र यस वर्ष ९८२ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका न्यानो झोला मध्ये ६६८ थान मौज्दात हुनुपर्नेमा पालिकाले बर्थिङ्ग सेन्टर तथा नगरअस्पताललाई भर्पाइ मार्फत वितरण गरी बाँकी २०० थान मात्र मौज्दात रहेको विवरण उलब्ध गराएको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०८ **नगरअस्पताललाई बढी भुक्तानीः-**

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०७ को निर्णयबाट रू.१,३५,६००।०० सम्परीक्षण गरिएको ।)

१०९ **नगरअस्पताल -** पालिकाबाट संचालित नगरस्तरीय अस्पतालको आयका मुख्य स्रोतको रुपमा पालिकाबाट प्राप्त आर्थिक अनुदान, काउन्टर आम्दानी, एम्बुलेन्स आम्दानी, विमाबाट प्राप्त आम्दानी तथा गैरसकारी संस्थाबाट प्राप्त आर्थिक सहयोग आदि रहेको छ । पालिकाको नाममा रहेको विविध कोष खातामा विभिन्न स्रोतबाट संकलन भएको आम्दानी जम्मा भइ सोही कोषबाट अस्पतालको व्यवस्थापन समितिको निर्णयको आधारमा व्यवस्थपकिय तथा संचालन कार्यमा उपयोग गरेको छ । स्रोतको अभाव तथा अपर्याप्ताको बावजुद पनि संचालित यो अस्पतालले आफ्नो मातहतमा रहेका आम्दानीका स्रोतहरुको भरपुर उपयोग गर्ने तर्फ विशेष जोड दिनुपर्छ । अस्पतालमा सेवाको निमित आउने सेवाग्राहीहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु अस्पतालको मुल प्राथमिकता हो । वर्तमान परिप्रेक्ष्यमा अस्पताललाई प्राप्त देहायका आम्दानी स्रोतको अभिलेखांकन तथा संचालन जस्ता कार्यमा थप सक्रियता, कार्यदक्षता तथा प्रभावकारीता निमित्याई आम्दानी स्रोतको आकार विस्तारमा विशेष दखल राख्नुपर्छ ।

१०९.१ **एमबुलेन्स आम्दानी -** अस्पतालले विरामहीहरु ओसारपसार गर्ने कार्यमा एमबुलेन्स प्रयोग गर्ने गरेको हो । एमबुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले तोकिएको भाडा अनिवार्य तिर्नुपर्छ । अस्पताल अन्तर्गत के कति संख्यामा एम्बुलेन्स तथा शव वाहन संचालनमा रहेको छ सो को विवरण पालिकाले अद्यावधिक गरि राखेको देखिएन । साथै, एम्बुलेन्स संचालनको शुल्क के कुन हिसाबले निर्धारण भएको छ, सो सम्बन्धमा समेत पालिकाबाट आवश्यक विवरण प्राप्त हुन सकेन । यो वर्ष पालिकाले एम्बुलेनस संचालनबाट रु.७,४१,७१०।०० आम्दानी भएको देखाएको छ । कुन एम्बुलेनस कसरी संचालन भएको हो सो को विवरण अद्यावधिक राखेको छैन । साथै, अस्पतालबाट संकलित आम्दानी तथा दाखिलाको नामनामेसी सहितको विवरण खुल्ने गरी अभिलेख व्यवस्थापन नगरेको कारण पालिकाबाट दिइएको आम्दानी ठिक

हो होइन सम्बन्धमा सुनिश्ति गर्न सकिएन । तसर्थ अभिलेख व्यवस्थित गरी आम्दानी खर्चको हिसाब दुरुस्त राख्नुपर्दछ

सैद्धान्तिक बेरुजु

१०९.२ **औषधी खरिद गर्दा बोलपत्रको मूल्यांकन -** सार्वजनिक खरिद ऐन २०६३ को दफा २५(५) अनुसार बोलपत्रको आर्थिक पक्षको मूल्यांकन गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका बमोजिम मूल्य निर्धारण गरी गर्नुपर्न व्यवस्था छ ।कार्यालयले औषधी खरिद गर्दा खुद्रा विक्री मूल्यमा छुट र कम्पनी अनुसारको बोनस सुविधा समेत दिनुपर्ने शर्त राखी बोलपत्र आव्हान गरेकोमा आर्थिक मूल्यांकनमा खुद्रा विक्री मूल्यमा छुटलाई मात्र आधार मानेको देखियो र कम्पनी अनुसारको बोनस सुविधालाई मूल्यांकन गरेको देखिएन । कार्यालयले यसतर्फ समेत विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

औषधीको जिन्सी निरीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ (१) अनुसार कार्यालय प्रमुखले लगत खडागरि अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी सामानको मौजुदा अवस्थाको सम्वन्धमा बर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा ३ सदस्यीय समिति गठन गरि सो समिति वा जिन्सी निरिक्षण गरि गराई प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । अस्पतालको औषधी ल्याब तथा सर्जिकल सामानतर्फको जिन्सी निरीक्षण प्रतिवेदन पेश भएन ।

औषधी खरिद कार्यको लागत अनुमान - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार खरिद कारवाहीको तयारी गर्नुपर्ने तथा नियम ५(क) अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले औषधी खरिद गर्दा खरिदको परिमाण निर्धारण तथा लागत अनुमान तयार गरेको देखिएन। पिस रेट सिस्टमको आधारमा प्रतिस्पर्धाबाट खरिद गरेको देखियो । परिमाण निर्धारण गरी सो परिमाणको आधारमा लागत अनुमान तयार गरी खरिद विधि छनौट गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०९.३ **बिमा -** स्वास्थ्य विमाको सहारामा स्वास्थ्य सेवा लिने सेवाग्राहीको लगत राखि सोही लगतको आधारमा सम्बन्धित विमा वोर्ड तथा कम्पनिबाट विमावापतको रकम सोधभर्ना माग गर्नुपर्छ । स्वास्थ्य विमाको आधारमा सेवा लिने सेवाग्राहीलाई सेवा दिदा के कुन सेवा,उपचार तथा सामाग्रीमा विमाले थाम्ने हो तथा त्यसको अतिरिक्त सेवाग्राही स्वयंमले व्यहोरेको खर्च सहितको लगत सम्बन्धी अभिलेख राखी सोही बमोजिम विमा वापतको रकम सोधभर्ना माग गर्नुपर्छ । पालिकाले उपलब्ध गराए बमोजिम नगरस्तरीय अस्पतालले यस वर्ष रु.१,७०,५५,२६६।०० विमाबाट आम्दानी गरेको छ ।अस्पतालले यो वर्ष कति जना सेवाग्राहीहरुले विमावाट सेवा लिए, विमित मध्ये के कति वापतको रकम सोधभर्ना माग गरियो तथा

के कति रकम सोधभर्ना माग गर्न बाँकी छ सो कुरा खुल्ने विवरण सहितको अभिलेख व्यवस्थापन गरेको देखिएन । साथै अस्पतालबाट संकलित आम्दानी तथा दाखिलाको नामनामेसी सहितको विवरण खुल्ने गरी अभिलेख व्यवस्थापन नगरेको कारण पालिकाबाट दिइएको आम्दानी ठिक हो होइन सम्बन्धमा सुनिश्ति गर्न सकिएन । तसर्थ पालिकाले अभिलेख व्यवस्थित गरी हिसाब किताब स्पष्ट र पारदर्शी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०९.४ **काउन्टर आम्दानी -** अस्पताल व्यवस्थापन तथा संचालन समितिको निर्णय बमोजिम काउन्टर आम्दानीको दर तोकिने गरिन्छ ।यसमा अस्पतालले सेवा लिन आउने सेवाग्राहीहरुबाट दर्ता शुल्क, पर्चा शुल्क जस्ता अरु प्रशासनिक शुल्क आदि बाट निश्चित दरबाट आम्दानी प्राप्त हुने गरेको पालिकाको भनाई रहेको छ । पालिकाले आम्दानी संकलन गर्नको लागि नगदी रसिदको प्रयोग गर्ने गरेको भनाई रहेको छ । तर आम्दानी संकलनको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नं उल्लेखित सहितको रसिद नियन्त्रण खाता राखेको देखिएन । अस्पतालबाट संकलित आम्दानी तथा दाखिलाको नामनामेसी सहितको विवरण खुल्ने गरी अभिलेख व्यवस्थापन नगरेको कारण पालिकाबाट दिइएको आम्दानी ठिक हो होइन सम्बन्धमा सुनिश्ति गर्न सकिएन । यसबाट अस्पतालले के कति रसिदको प्रयोग गरी के कुन कार्यमा के के कति दरमा कति रकम बराबर आम्दानी गरेको छ सो सम्बन्धमा सुनिश्च गर्न सकिएन । तसर्थ पालिकाले अभिलेख व्यवस्थित गरी हिसाबकिताब दुरुस्त राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०९.५ **औषधीको जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(३) बमोजिम जिम्मेवार व्यक्तिले कार्यालयको आर्थिक विवरण (financial information) को ढाँचा महालेखा नियन्त्रकको सिफारिसमा महालेखापरीक्षकले स्वीकृत गरे बमोजिम राखेको हुनु पर्दछ ।कार्यालयले औषधीको जिन्सी व्यवस्थापनमा दाखिला, जिन्सी खाता, जिन्सी विवरण स्वीकृत मलेप फारम अनुसार अभिलेख राखेको देखिएन । प्रयोगमा रहेको सफ्टवेयरमा मिति सहित आम्दानी, खर्च र मौज्दातको स्पष्ट विवरण देखिने गरी आइटम वाईज जिन्सीखाता प्राप्त हुन नसकेकोले आम्दानी खर्च यथार्थपरक रहे नरहेको यकिन हुन सकिएन । नियमको पालना हुनुपर्दछ

सैद्धान्तिक बेरुजु

१०९.६ **फार्मेशी आम्दानी -** नगरस्तरीय अस्पतालले पालिकाबाट तथा अस्पताल आफैले पनि औषधि खरिद गरेको छ । पालिकाले निशुल्क भनि लेखिएको औषधि सेवाग्राहीहरुलाई निशुल्क वितरण गरिनुपर्छ । तर

अस्पतालले आफ्नो आन्तरिक स्रोतबाट खरिद गरिएको औषधि सेवाग्राहीहरुलाई वितरण गरी सोमा लाग्ने लागत मुल्य बाहेक अरु केही मुनाफा पनि नलिइ औषधिको विक्री गरिनुपर्छ । कस्तो किसिमको औषधि विक्रीबाट अस्पतालले आम्दानी गरेको हो सो सम्बन्धी खुल्ने प्रमाण पेश भएको छैन ।औषधिको परिमाण खुल्ने विवरण तथा ति औषधिको बिक्री मुल्य समेत खुल्ने विवरण पेश हुन नआएकोले फार्मेशीको आम्दानी सम्बन्धमा सुनिश्ति हुन सकिएन । तसर्थ, अभिलेख व्यवस्थित गरि हिसाब किताब दुरुस्त राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०९.७ **औषधि तथा औषधिजन्य सामाग्रीको खरिद** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन पालिका आफैले गर्नुपर्ने व्यवस्था छ ।पालिका अन्तर्गतका नगरस्तरीय अस्पतालले औषधी तथा औषधिजन्य सामाग्रीहरु पालिकाबाट तथा अन्य सहयोगी संस्थाबाट अनुदान वापत प्राप्त गरिने तथा अस्पताल आफैले पनि थप आवश्यक औषधिको खरिद गरि सेवा दिदै आएको छ ।यसरी पालिकाबाट प्राप्त गरेको अनुदान वापतको औषधिको लगत तथा अस्पताल स्वयंमले खरिद गरेको औषधिको अभिलेख स्पष्ट देखिने गरी राखेको छैन । साथै खरिद गरिएको औषधिको दाखिला समेत हार्डकिताबमा गरेको तथा खरिद गरिएको औषधिबाट खपत भएको औषधि तथा बाँकी औषधिको विवरण खुल्ने गरी विवरण अद्यावधिक नराखेको कारण औषधिको वास्तविक मौज्दात तथा खर्चको अवस्था वारे विश्लेषण गर्न सकिएन । साथै औषधि खरिद गर्दा खरिद गरिएको कम्तिमा पनि १८ महिना म्याद अवधि हुनुपर्ने व्यवस्था छ । तर अस्पतालले खरिद गरेको कतिपय औषधिको batch no, expiry date नखुलाई खरिद गरेको छ । तसर्थ यसमा सुधार हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

११० **बढी भुक्तानी** -

............(प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०७ को निर्णयबाट रू.६४,२९१।०० सम्परीक्षण गरिएको ।)

१११ **सेक्युरीटी भुक्तानी** - आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले भद्रकाली सेक्युरीटी एण्ड सर्भिस सेन्टर प्रा.लिसंग सुरक्षा गार्डको आपुर्तिको लागि रु.९,६०,०८१।०० भुक्तानी भएको छ । सम्झौतामा उल्लेख भएबमोजिम सुरक्षागार्डले हाजिर गरी दैनिक कार्य गर्नुपर्ने र सोको सुनिश्चित भइ सकेछि मात्र भुक्तानी दिने व्यवस्था भएकोमा सो अनुसारको हाजिरी अभिलेख राखेको छैन । तसर्थ पालिकाले यसतर्फ विशेष ध्यान दिनुपर्छ

सैद्धान्तिक बेरुजु

११२ **स्वास्थ्य बिमा बोर्डलाई भुक्तानी** - पालिकाले यस वर्ष वडा स्तरीय सिफारिस समितिले निर्णय गरी पठाएका नगरपालिका भित्रका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका, भुमिहिन दलित र भुमिहिन सुकुम्बासीहरुको स्वास्थ्य बिमा गरी सो बापत लाग्ने बिमा शुल्क बापत १४२९ घर धुरीका लागि रू.४९,७३,५००।०० स्वास्थ्य बिमा वोर्डलाई भुक्तानी गरेको छ । उक्त वडा स्तरीय सिफारिस समितिले के कुन आधारमा भुमिहिन दलित र भुमिहिन सुकुम्बासी छनोट गरेको हो सो यकिन गर्न सकिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा पालिकाको आफ्नो आन्तरिक आय श्रोतलाई समेत विचार गरी विवाद रहित र न्यायोचित हुने गरी गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११३ **आमा सुरक्षा,गर्भवती रक्तसञ्चार तथा उत्प्रेरणा सेवा** - आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका,२०७८ को अनुसूची-२ मा महिलालाई संस्थागत प्रसुति सेवा लिएबापत रु १००० को दरले, ४ पटक गर्भवती सेवा लिएवापत उत्प्रेरणा स्वरुप यातायात खर्च रु ८०० को दरले, तथा आमा सुरक्षा कार्यक्रम सञ्चालन गरेबापत स्वास्थ्य संस्थाले सामान्य प्रशुती सेवा, जटिलतायुक्त प्रशुती सेवा तथा शल्यक्रिया विधिद्धारा प्रशूती सेवा वापत क्रमशः रु.२,५००, रु.४,००० तथा रु.१०,००० को दरले इकाइ मुल्य प्राप्त गर्ने प्रावधान छ । पालिका अन्तर्गतका स्वास्थ्य शाखाले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट उपलब्ध गराएको तथ्यांक अनुसार पालिका अन्तर्गतका नगर हस्पिटल तथा बर्थिंग स्वास्थ्य संस्थाबाट सामान्य र शल्यक्रियाबाट क्रमशः ६५१ र ३३१ गरी कुल ९८२ जना महिलाले प्रसुति गराएको देखिन्छ ।त्यस्तै, प्रोटोकल अनुसार कुल १४२१ जना महिलाले ४ पटक गर्भवती जाँच गराएको देखिन्छ । यसरी उपरोक्त विवरण अनुसार आमा सुरक्षा, गर्भवती रक्तसञ्चार, उत्प्रेरणा रु.६०,७४,३००।०० तथा न्यानो झोलामा रु.१४,८५,४७७।०० समेत रु.७५,५९,७७७।०० बजेट खर्च गर्नुपर्नेमा कुल रु.८०,१९,८८५।००खर्च लेखेकोमा बढी लेखिएको खर्च रु.४,६०,१०८।०० सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरी सूचना प्रणालीमा विवरण लेख्न छुटेको भए सो विवरण अद्यावधिक गरी हिसाबमा विश्वनियता सिर्जना गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

११४ **गिट्टी, बालुवा तथा भरौट संकलन** - पालिकाले रंगेली नगरपालिका भित्र लोहन्द्र खोलाको सखरदिना घाट झोलुङ्गे पुल (उत्तर र दक्षिण), विनटोलघाट र गड्डीबाट गिट्टी, बालुवा तथा भरौट संकलन तथा बिक्री गर्ने कार्यका लागि न्यूनतम अंक रू.१०,९९,०६२।६५ (भ्याट सहित) कायम गरी मिति २०७९।६।३ मा शिवलबन्दी दरभाउ पत्रको सूचना आह्वान गरेकोमा ३ वटा दरभाउ पत्र पेश भई सबै भन्दा बढी कबोल गर्ने सवल खड्का, पथ्रिशनिस्चरे-१ ले बकोल गरेको कबोल अंक रू.११,०१,०००।०० (भ्याट

सहित) लाई स्वीकृत गरी २०७९।८।२५ मा सम्झौता गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

११४. १ राजस्व बाडँफाँट-

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रू.३,८९,७३४।०० सम्परीक्षण गरिएको ।)

११४. २ *........... (प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०७ को निर्णयबाट रू.१,२६,६६४।०० सम्परीक्षण गरिएको ।)*

११४. ३ आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ठेक्का रकमको १.५ प्रतिशतले हुने अग्रिम कर असुल गर्नुपर्नेमा नगरेको हुँदा ठेक्का अंक रू.९,७४,३३६.२८ को १.५ प्रतिशतले हुने रू.१४,६१५।०० ठेक्का कबोलकर्ता सवल खड्काबाट असुल गरी सम्बन्धित संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१४,६१५

११४. ४ ठेक्का लगाएको स्थानमा आ.ई.ई. प्रतिवेदन अनुसार वार्षिक सिफारिस गिट्टिको परिमाण १५८५५.२४ घन फिट र भरौटको परिमाण ४७५६५.९० घन फिट रहेकोमा ठेक्का कबोल गर्नेसँग गरेको पट्टा फाराममा गिट्टी २६४२५.५० तथा भरौट ७९२७६.४७ घन फिट उत्खनन् गर्ने अनुमति दिई IEE प्रतिवेदन भन्दा क्रमशः गिट्टी १०५७०.२६ र भरौट ३१७१०.५७ घन फिट बढी उत्खनन् गर्ने अनुमति दिएको देखिन्छ । यसरी IEE प्रतिवेदनले तोके भन्दा बढी सामग्री उत्खनन् गर्दा वातावरणमा गम्भिर असर पर्न सक्ने हुँदा यसरी बढी परिमाणको उत्खनन् गर्ने गरी सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार एवं जवाफदेही बनाई यस्ता कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११४. ५ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्था सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ मा व्यवसायीले संकलन वा ढुवानी गरेको परिमाणको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिमाणको अभिलेख अनुसूची-४(क) बमोजिम नराखेको एवं अनुसूची-५ अनुसारको चेकलिस्ट प्रयोग गरी समन्वय समिति र पालिकाबाट अनुगमन भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

११४.६ उल्लेखित ठेक्काबाट तोकिएको परिमाण उत्खनन् तथा राजस्व असुली र वातावरणीय पक्षमा असर परे/नपरेको विषयमा नियमानुसार भए/नभएको यकिन हुन सक्ने अवस्था नरहेकोले यसमा तोकिएका पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११५ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा गरेको कुल खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

कुल खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
११५१७३४२९९.९५	३६७५०३७३.९८	३.१९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त आयबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११६ **स्टर भाडा** - रंगेली नगरपालिकाको आर्थिक ऐन २०७९ ले नगरपालिकाको कार्यक्षेत्र भित्र विभिन्न कर दस्तुर र शुल्क असुली गर्ने व्यवस्था गरे अनुसार पालिकाले बहालमा लगाएका निम्न सटरहरुको मासिक भाडा रकम तोकिएको किस्तामा दाखिला गर्नुपर्नेमा २०८० आषाढ सम्म भाडामा रहेका निम्न सटरको भाडा असुली भएको नदेखिएकोले स्थानीय सन्चित कोष दाखिला गर्नुपर्ने रू.

क्र.सं.	ठेगाना	सटर नम्वर	बहाल लिनेको नाम	२०७९ श्रावण देखि २०८० आषाढ सम्मको बाँकी भाडा
१	वडा नं. ७	३	घिना मण्डल	२४३३३
२		४	देवी प्रसाद मैनाली	३००००
३		७	रजनी कृषि बहुउदेश्यीय सहकारी संस्था लि.	४०४०४
४		११	गीता देवी खतिवडा	६००००
५		१०	लक्ष्मी देवी सिंह	६३८१२

६		१४	जीवननाथ ढकाल	७३२००
७		१७	सलिना राई	२०६६७
८	वडा नं. ८	२०	कृष्ण कुमार गुप्ता	३७८६०
९		२१	शेर्पा कन्स्ट्रक्सन	८४०००
जम्मा				**४३४२७६**

(प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०७ को निर्णयबाट रू.५४,३३३।०० सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	३,७९,९४३

११७ **घर नक्शा पास दस्तुर** - स्थानीय सरकार सन्चालन ऐन,२०७४ तथा यस नगरपालिकाको आर्थिक ऐन,२०७९ मा गरेको व्यवस्था अनुसार नगरपालिका भित्रको टहरा, घर, ग्यारेज कम्पाउण्ड, वाल आदि निर्माण कार्यको नक्सा पास गर्दा तोकिएको दरमा दस्तुर घर नक्सापास दस्तुर असुल उपर गरिने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष यस शिर्षकमा ३० लाख अनुमान गरेकोमा रू.९ लाख असुल गरेको छ ।पालिकामा रहेको पालिका गठन पश्चात २०८० आषाढ मसान्तसम्मको नक्सापास अभिलेख निम्नानुसार देखियो भने सो पूर्वका अभिलेख लेखापरीणको क्रममा पेश भएन ।

विवरण	जम्मा
नगर पालिका गठन पश्चात हालसम्म दर्ता भएका घर नक्शा निवेदन	८८०
आ.व. २०७९।८० सम्म निर्माण सम्पन्न भएका घर	४४७
आ.व. २०७९।८० मा जम्मा घर नक्शा निबेदन दर्ता	८९
आ.व. २०७९।८० मा निर्माण इजाजत लिएको मध्ये सम्पन्न	९
आ.व. २०७९।८० सम्म सम्पन्न नभएका निवेदन	४३३
आ.व. २०७९।८० मा जम्मा प्राप्त राजश्व (रू.)	८७८६४९.९३

उल्लेखित विवरणवाट नक्सा निर्माण तथा जाँचपास करको सेवा प्रभावकारी रुपमा सन्चालन नभएको देखिन्छ ।पालिका गठन पश्चात दर्ता भएका निवेदन ८८० मध्ये ४४७ ले मात्र निर्माण सम्पन्नको प्रमाण लिएका र अझै ४३३ निवेदन निर्माणको चरणमै रहेको देखिन्छ । बढ्दो शहरीकरणमा भएको निर्माण कार्यलाई समयमै व्यवस्थित बनाउन पालिकाले यो सेवालाई समय सापेक्ष, दक्ष तथा प्रभावकारी बनाई आन्तरिक आयको महत्वपूर्ण श्रोत रहेको यो क्षेत्रलाई व्यवस्थित गरी सुधार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११८ **कर निर्धारण तथा असुली** - रंगेली नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को वार्षिक आय अनुमान तथा असुलीको अवस्था निम्नानुसार रहेको छ

राजस्व उपशीर्षक	अनुमानित बजेट	प्राप्त रकम रू.	प्रतिशत
११३१४ भुमिकर/मालपोत	७००००००	५०५१८८७.४६	७२.१७
११३२१ घरवहाल कर	२००००००	२६४६९६४.८०	१३२.३५
११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५०००	०	०
११६९१ अन्य कर	१९७९९९७	६९१२८०	३४.९१
१४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी	०	०	०
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	१५००००	११५०००	७६.६७
१४२१८ विद्युत सेवा शुल्क	१००००	८००	८
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	१५०००	०	०
१४२२१ न्यायिक दस्तूर	२५०००	२४९१०	९९.६४
१४२४२ नक्सापास दस्तुर	३००००००	८७८६४९.९३	२९.२९
१४२४३ सिफारिश दस्तुर	३३०००००	५१०९८३०	१५४.८४
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	१००००००	१२४३०००	१२४.३
१४२४५ नाता प्रमाणित दस्तुर	६०००००	९७८५००	१६३.०८
१४२४९ अन्य दस्तुर	२६०००००	१३९७१८२.५७	५३.७४
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१५०००००	१९५१००	१३.०१
१४३११ न्यायिक दण्ड, जरिवाना र जफत	२००००	४३५	२.१८
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	३०००००	६०१९४.३४	२०.०६
१४५११ बीमा दावी प्राप्ति	६०००	४५००	७५
१४५२९ अन्य राजस्व	९१००००१	५९२५०१२.३१	६५.११
जम्मा गैर कर राजस्व	**३२६१०९९८**	**२४३२३२४६.४१**	**७४.५९**

उल्लिखित विवरणवाट यस नगरपालिकाको आर्थिक ऐन,२०७९ ले गरेको व्यवस्था अनुसार पालिकाले यो बर्ष समग्र असुलीमा ७४.५९ प्रतिशत असुली देखाएको छ । घरजग्गा बहाल, नाता प्रमाणित, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर र न्यायिक दस्तुरमा लक्ष्य अनुसार प्रगति देखिएता पनि नयाँ व्यवसाय रजिस्ट्रेशन,मालपोत,न्यायिक दण्ड जरिवाना, नक्सा पास दस्तुर लगायतका राजश्व शिर्षकमा

न्यून प्रगति देखियो। ।अत पालिकाले सम्भाव्य क्षेत्रको समयमै पहिचान गरि लक्ष्य तोक्ने , राजश्व असुली न्यून भएका शिर्षक पहिचान गरि पुनरावलोकन गर्ने, सम्वन्धित शिर्षकमा राजश्व दाखिला गर्ने,कार्य योजनाको निर्माणगरि कार्यान्वयन गर्ने तथा अनुमान र असुलीको समिक्षा गरि देखिएका कमी कमजोरीलाई आगामी दिनमा सुधार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११९ **सामुदायिक वनको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(ख)१ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।

यस पालिकाले दिएको जानकारी अनुसार पालिका अन्तर्गत एक वटा सामुदायी बन रहेकोमा यसवाट कुनै रकम दाखिला गरेको देखिएन । कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत रुपमा कुनै नीति तथा कार्ययोजना नबनाएको अवस्था देखिएकोले यसमा सम्बन्धित पक्षको ध्यानाकर्षण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२० **फोहोर मैला शुल्क संकलन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(२) मा पालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत शुल्क लगाउन सक्ने उल्लेख छ । पालिकाले एकातर्फ फोहोरमैला व्यवस्थापनमा खर्च गर्ने तथा अर्कोतर्फ न्यूनतम शूल्क समेत असुल नगर्दा सिमित श्रोत भएको पालिकाको विकास निर्माण कार्यको बजेटमा असरपर्ने देखिएकोले नियमानुसार फोहोरमैला शुल्क असुल गर्ने तथा व्यवस्थित ल्याण्डफिल्ड साइट बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२१ **अमानतबाट गिट्टी, बालुवा, भरौट बिक्री** - आई.ई.ई. प्रतिवेदन अनुसार ठेक्का लगाइएको ३ स्थान बाहेक लोहन्द्रा, चिस्याङ्ग, र डाँस खोलाका भण्डारी घाट, दर्वेसा घाट, छात घाट र संगत घाटबाट पालिकाले ठेक्का आह्वान नगरी अमानतबाट गिट्टी, बालुवा तथा भरौट बिक्रीबाट रू.१३,२५,०८९।२५ संकलन गरी सो को ८० प्रतिशतले हुने रू.१०,६०,०७१.४० पालिकामा दाखिला गरेको विवरण पेश भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

१२१.१ वडाबाट संकलन गरी पठाएको ८० प्रतिशतले हुने रू.१०,६०,०७१.४० मध्ये विभिन्न मितिमा रू.८,२७,१५१।०० मात्र पालिकाको विभाज्य खातामा जम्मा गरेको देखियो । बाँकी रकम पालिकाको आन्तरिक राजस्व खातामा भुलबस दाखिला भएको पालिकाले जनाएको छ । यसरी आन्तरिक राजस्व खातामा दाखिला भएको रकम यकिन गरी विभाज्य खातामा ट्रान्सफर गरी नियमानसार बाँडफाँट हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	२,३२,९२०.४

१२१.२ वडा कार्यालयहरुले व्यवस्थापन खर्चका लागि कट्टी गरी राखेको २० प्रतिशतले हुने रू.२,६५,०७१.८५ के के मा खर्च गरेको हो सोको खर्च गर्ने निर्णय र खर्च विवरण पेश नभएको हुँदा व्यवस्थापन खर्चको पुष्टयाई गर्ने प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	२,६५,०७१.८५

१२१.३ पालिकाले विभिन्न वडाबाट वडा प्रतिनिधि खटाई नगदी रसिदको प्रयोगबाट रू.१३,२५,०८९।२५ संकलन गरी नगर कार्यपालिकाको निर्णय अनुसार सो को २० प्रतिशतले हुने रू.२,६५,०७१।८५ व्यवस्थापन खर्च कटाई बाँकी रू.१०,६०,०७१।१४ पालिकामा दाखिला गरेको जनाएको छ । यसरी प्रयोग भएका नगदी रसिदहरुको रसिद नियन्त्रण खाता प्रमाणित गरी जारी गरेको देखिएन । विगतका कति रसिद बाँकी थिए र हाल कुन कुन नम्बरका रसिद छपाई गरी अमानतबाट कर संकलन गर्न प्रयोग गरिएको हो सो यकिन नहुँदा उठेको कर/राजस्व सहि भए नभएको यकिन गर्न नसकिएको हुँदा यस सम्बन्धमा पालिकाले छानबिन गरी यकिन गर्नुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१२१.४ पालिकाले आई.ई.ई. गरेको सबै स्थानमा ठेक्का आह्वान नगरी अमानतबाट कर संकलन गर्ने कार्य उचित देखिएन । प्रतिस्पर्धाको माध्यमबाट ठेक्का लगाई आन्तरिक आय वृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२१.५ ✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रू.२,१२,७१७।०० सम्परीक्षण गरिएको ।)*

१२१. *........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को*
६ *निर्णयबाट रू.१५,१५९।०० सम्परीक्षण गरिएको ।)*

१२२ **राजस्व दाखिलाः-**

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रू.१,८५,०००।०० सम्परीक्षण गरिएको ।)

१२३ **राजस्व दाखिलामा ढिलाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) अनुसार प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहिदिन र नभए सोको भोलिपल्ट तथा कार्यालय र बैंक विचको दुरी टाढा भएमा महालेखा नियन्त्रक कार्यालयलेतोकेको म्याद भित्र लेखा तयार गरी बैंक दाखिला गर्ने तथा जिन्सीको हकमा ७ दिन भित्र दाखिला गर्नु पर्दछ । यसो नगरेको देखिएमा दफा २८(२) अनुसार सम्वन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलागरेको भए सो जरिवाना र विगो दाखिला गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था भएता पनि यस व्यवस्थाको कार्यान्वयन भएको देखिएन। पालिकाले यसमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२४ **बक्यौता असुली तथा अभिलेख** - यस नगरपालिकाको आर्थिक ऐन,२०७९ अनुसार नगरपालिका भित्रका विभिन्न व्यवसाय, विभिन्न व्यक्तिको बहालमा लगाएकोमा बहाल कर तथा उपलव्ध गराएको सेवामा विभिन्न दरमा कर,दस्तुर तथा शुल्कको व्यवस्था गरेको छ ।पालिकामा निम्नानुसार करदाता रहेको अभिलेख रहेता पनि परीक्षण गर्दा उक्त ऐन तथा सो अन्तर्गतका अनुसूचीमा भएको व्यवस्था अनुसार व्यवसाय तथा बहाल लगायतका विभिन्न क्षेत्रगत राजश्व शिर्षकका करदाताको अध्यावधिक विवरण तयार गरेको देखिएन।यसको अभावमा उठन बाँकी राजश्व एकिन हुन सकेन । वार्षिक रुपमा बुझाउनु पर्ने कर समयमै दाखिला नहुदा श्रोत साधनमा असर पर्दछ । यसका लागि नगर पालिकावाट उल्लेखनिय प्रयास भएको देखिएन । त्यसैगरी यस पालिकाले पालिका भित्रका करदाताहरुको विवरण संकलन गरी सम्पत्तिकर असुल गर्नुपर्नेमा हालसम्म सम्पत्ति कर असुल गरेको देखिएन । पालिकाले सवै आयका श्रोत अनुसारका करदाताको अध्यावधिक अभिलेख कायम गरि बाँकी बक्यौता र नियमित राजश्व असुलीलाई प्रभावकारी बनाउनु पर्दछ ।

राजस्वका स्रोत अभिलेख	जम्मा करदाता संख्या	कर तिरेका करदाता	तिर्न बाँकी करदाता
मालपोत तथा भूमिकर	१५६४७	८३६२	७२८५
व्यवसाय कर	१७८५	९४४	८४१

सैद्धान्तिक बेरुजु

१२५ **ईट्टा उद्योगको नवीकरण दस्तुर** - पालिकाको आर्थिक ऐन २०७९ को अनूसुचिमा व्यवस्था गरिए बमोजिम प्रत्येक ईटा उद्योगले नविकरण शुल्क वापत रु.२,०१,०००।०० प्रत्येक वर्ष आषाढ मसान्त भित्र बुझाई नविकरण गर्नु पर्ने व्यवस्था गरेकोमा यस पालिकामा रहेका ८ ईटा उद्योग मध्ये निम्न ५ उद्योगले लेखापरीक्षण अवधि २०८०।९।१३ सम्म पनि उक्त शुल्क बुझाई नविकरण गरेको नदेखिएकोले उक्त रकम असुल गरी सन्चितकोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रू.

क्र।स	ईटा उद्योगको नाम	नविकरण शुल्क
१	शन्देस ईटा उद्योग	२,०१,०००
२	राई ईटा उद्योग	२,०१,०००
३	सान ईटा उद्योग	२,०१,०००
४	प्रिन्स ईटा उद्योग	२,०१,०००
५	श्री ईटा उद्योग	२,०१,०००
	जम्मा	**१०,०५,०००**

क्रम	कर्मचारीको नाम	असुली रकम
१२५.१	प्रिन्स ईटा उद्योग	२,०१,०००
१२५.२	राई ईटा उद्योग	२,०१,०००
१२५.३	शन्देस ईटा उद्योग	२,०१,०००
१२५.४	श्री ईटा उद्योग	२,०१,०००
१२५.५	सान ईटा उद्योग	२,०१,०००
	असुल गर्नुपर्ने	**१०,०५,०००**

१२६ **दोहमाना पशुहाट** - पालिकाले दोहमाना पशुहाट (मवेशी) फर्साडाँगी र गुद्री बाखा हाटवट्टी कर वडा नं. ९ का लागि न्यूनतम अंक रू.२७,०५,७५१।०० (भ्याट बाहेक) कायम गरी २०७९।३।३ मा बोलपत्र आह्वानको सूचना प्रकाशन गरेकोमा मू.अ.कर समेत रू.३०,५७,७८०।०० कबोल गरी सुरज कुमार यादवको एकमात्र बोलपत्र पेश भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

१२६.१ ठेक्का सम्झौता पश्चात बुझाउन बाँकी रकम नबुझाएकोले बैंक जमानत राखेको रकम रू.१४,५०,०००।०० मिति २०८० श्रावणमा जफत गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

१२६.२ सुरज कुमार यादवले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावकारी भएको मूल्याङ्कन गरी २०७९।४।९ मा सम्झौता गर्न आउन पत्राचार भएको देखिन्छ । बोलपत्र फाराममा उल्लेख भए बमोजिम १० प्रतिशत धरौटी बापतको रकम रू.३,१०,०००।०० ठेक्का कबोल गर्नेले २०७९।४।२ मा जम्मा गरेको तर सो समयमा सम्झौता भएको देखिएन । सम्झौता नगरी ठेक्का कबोलकर्ताले कर संकलन गर्दै गरेको र २०७९।१२।१३ सम्ममा धरौटी समेत १४ पटक गरी रू.१६,०८,०००।०० जम्मा गरी रू.१४,५०,०००।०० को बैंक जमानत लिई मिति २०७९।१२।२१ मा मात्र ठेक्का सम्झौता भएको देखियो । यसरी ठेक्का सम्झौता नहुँदै कर संकलन गर्न दिने र ढिला सम्झौता गर्ने कार्य नियमसम्मत देखिएन । सम्झौता गरे पश्चात मात्र कर संकलन गर्ने गराउने गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२६.३ सम्झौतामा कति अवधिको लागि ठेक्का लगाइएको हो सो स्पष्ट गरी ठेक्का सम्झौता हुनुपर्नेमा सम्झौतामा उल्लेख गरेको देखिएन । सम्झौता गर्दा अवधि स्पष्ट खुलाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२६.४ *✂ .... (प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रू.३,५१,८०५।०० सम्परीक्षण गरिएको ।)*

१२७ **मूल्य अभिवृद्धि करमा दर्ता नभएकासँग सम्झौता -**

१२७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रू. २० हजार भन्दा बढीको खरिद कार्य गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले लक्षित वर्गका ६५ जना किशोरीहरुलाई १०० घण्टे आधारभुत कम्प्युटर तालिम सञ्चालन गर्न बेस्ट एजुकेशन कन्सल्टेन्सी रंगेली-७ सँग २०८०।२।२ मा मू.अ.कर समेत रू.४,२९,०००।०० को सम्झौता गरे बमोजिम उक्त संस्थाले काम सम्पन्न गरी पेश गरेका बिल भरपाईका आधारमा रू.४,२९,०००।०० भुक्तानी गरेको छ । तर यसरी सम्झौता गरेको फर्म मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । कानुन विपरित मूल्य अभिवृद्धि कर दर्ता नभएकासँग खरिद सम्झौता गरी भुक्तानी गरेको कार्य नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	४,२९,०००

१२७.२ ✓ .... *(प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।७ को निर्णयबाट रू.२६,४५७।०० सम्परीक्षण गरिएको ।)*

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष २०७९/८०

कार्यालय र स्थान - रंगेली नगरपालिका, मोरङ , रंगेली नगरपालिका , मोरङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Omkar Neupane	२०७८-५-३०	२०७९-४-१२
कार्यालय प्रमुख	तेजिन्द्र गौतम	२०८०-९-२	हाल सम्म कार्यरत
लेखा प्रमुख	Rupa Sunuwar	२०७६-१-१२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,५५२,०६१.८४	२०,६८०,८९१	२६,३३५,५७८.५५	०	०	२,१२१,४००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.					५४,६८९,९३१.३९
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रू.					८,३३७,९२६
संपरीक्षणबाट थप भएको बेरुजू रू.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.					४६,३५२,००५.३९

स्थानीय तह -

गत बर्षको जिम्मेवारी		२०५७६६९२५.४८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५०१०००००९९.६	चालु खर्च	४६२२१३५५२.१६
प्रदेश सरकारबाट अनुदान	४९८५०२६३	पूँजीगत खर्च	३७९१६५४८६
राजश्व बाँडफाँट	८६७२९३३८.८१	वित्तीय/अन्य व्यवस्था	३१०३५५२६१.८
आन्तरिक आय	३६७५०३७३.९८		
अन्य आय	३६१६८७१५०.९९		
कुल आय	१०३६०१७२२६.३८	कुल खर्च	११५१७३४२९९.९६
बाँकी मौज्दात		९००४९८५१.९	

बेरुजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -३

विवरण	टिप्पणी	यस वर्ष रू.				गतवर्ष रू.		
		बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा
प्रासी (क+ख)		१०८८७१३८८८.९९	८०५६३७४६३.५८		८०५६३७४६३.५८	८०७५८०९३०.४३		८०७५८०९३०.४३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		१००९८३८०२८.९९	७१९९०१७३०.५८	०	७१९९०१७३०.५८	७७७२४६९८०.०४	०	७७७२४६९८०.०४
११००० कर	११	२०८४६५९९७.	१२६१९२६३४.२	०	१२६१९२६३४.२	१५३८१०८३०.२१	०	१५३८१०८३०.२१
१३००० अनुदान		५९५५५५०००.	५५०८५०३६२.६	०	५५०८५०३६२.६	५७११९७३६६.	०	५७११९७३६६.
संघीय सरकार	१२	५४३०३१०००.	५०१०००९९.६	०	५०१०००९९.६	५१२६३२४९३.	०	५१२६३२४९३.
प्रदेश सरकार	१२	५२५२४०००.	४९८५०२६३.	०	४९८५०२६३.	५७९३८८३३.	०	५७९३८८३३.
अन्तरिक श्रोत		०	०	०	०	६२६०४०.	०	६२६०४०.
१४००० अन्य राजस्व		३५५३५००७.	४२७९९७७८.९४	०	४२७९९७७८.९४	४८८५९८४८.८३	०	४८८५९८४८.८३
१५००० विविध प्राप्ति		६०००००.	५८,९५४.८४	०	५८,९५४.८४	३३७८९३५.	०	३३७८९३५.

विवरण	टिप्पणी	यस वर्ष रू.				गतवर्ष रू.		
		बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा
३२००० वित्तीय सम्पत्ति		१६९६८२०२४.९९	०	०	०	०	०	०
ख. अन्य प्राप्ति		७८८७५८६०.	८५७३५७३३.		८५७३५७३३.	३०३३३९५०.३९		३०३३३९५०.३९
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		७८८७५८६०.	६७२९३१०६.	०	६७२९३१०६.	१४२३७६७८.३९	०	१४२३७६७८.३९
धरौटी		०	१८४४२६२७.	०	१८४४२६२७.	१६०९६२७२.	०	१६०९६२७२.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		१०८८७१३८८८.९९	९२१३५५०५३.१६		९२१३५५०५३.१६	८४७८७४८४४.		८४७८७४८४४.
ग. भुक्तानी (सञ्चित कोषबाट)		१००९८३८०२८.९९	८४१३७९०३८.१६		८४१३७९०३८.१६	७७८२९५९५६.		७७८२९५९५६.
२१००० पारिश्रमिक / सुविधा	१८	२६४०६३०००.	२४२६७८९४५.९	०	२४२६७८९४५.९	२२०९६१०५०.	०	२२०९६१०५०.

विवरण	टिप्पणी	यस वर्ष रू.				गतवर्ष रू.		
		बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२०४१९१४७७.	१६६४९७२५५.२६	०	१६६४९७२५५.२६	१५१२८२८१२.	०	१५१२८२८१२.
२५००० सहायता (Subsidy)	१८	४८६२२०००.	४१९५९०५७.	०	४१९५९०५७.	८९६०११३.	०	८९६०११३.
२६००० अनुदान	१८	०	०	०	०	७०९७१३१.	०	७०९७१३१.
२७००० सामाजिक सुरक्षा	१८	१५३३९०००.	९७४११९७.	०	९७४११९७.	१६०८२२३३.	०	१६०८२२३३.
२८००० अन्य खर्च	१८	१६०००००.	१३३७०९७.	०	१३३७०९७.	३६१०६६२.	०	३६१०६६२.
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	४७६०२२५५१.९९	३७९१६५४८६.	०	३७९१६५४८६.	३७०३०१९५५.	०	३७०३०१९५५.
घ. अन्य भूक्तानी		७८८७५८६०.	७९९७६०१५.		७९९७६०१५.	८४७८७४८४४.		८४७८७४८४४.
कोषहरु		७८८७५८६०.	६६०५७३६१.	०	६६०५७३६१.	५६५०८६२४.	०	५६५०८६२४.
धरौटी		०	१३९१८६५४.	०	१३९१८६५४.	१३०७०२६४.	०	१३०७०२६४.

विवरण	टिप्पणी	यस वर्ष रू.				गतवर्ष रू.		
		बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			-११५७१७५८९.५८		-११५७१७५८९.५८	-४०२९३९१३.५७		-४०२९३९१३.५७
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२०५७६६९२५.४८		२०५७६६९२५.४८	२५६४८४१९२.०५		२५६४८४१९२.०५
वर्षान्तको बाकी रकम (ङ + च)			९००४९३३५.९		९००४९३३५.९	२१६१९०२७८.४८		२१६१९०२७८.४८
बैंक तथा नगद बाकी	२४		९००४९८५१.९		९००४९८५१.९	२०२८४४८९९.४८		२०२८४४८९९.४८

बेरुजु दफा ६४ सँग सम्बन्धित विवरण - अनुसूची -४

विद्यालयको नाम	ठेगाना	वडा	वा.वि.स	स्थायी	करार	राहत	PCF	रिक्त दरन्दी	जम्मा दरवन्दी	वि.क	विद्यार्थी संख्या
जनप्रिय मा.वि	बबियाविर्ता	१	१	११	२	५			१९	२	६३८
त्रिभुवन मा.वि.	गोहीगाडा	१	१	८		४	१		१४	२	४५१
अमरलक्ष्मी प्रा.वि.	बबियाबिर्ता	१	१	१		१			३	१	४८

विद्यालयको नाम	ठेगाना	वडा	वा.वि.स	स्थायी	करार	राहत	PCF	रिक्त दरन्दी	जम्मा दरवन्दी	वि.क	विद्यार्थी संख्या
गणेश मा.वि.	चोप्राहा	६	२	१०		२	३		१७	२	७१८
पब्लिक मा.वि.	रंगेली	६	२	२०	२		१		२५	२	९७५
सरस्वती आ.वि.	निशानथान	३	१	०		०			१	०	
महालक्ष्मी मा.वि.	दर्बेशा	८	१	११		३	१	१	१६	२	४३४
वीरेन्द्र आ वि	दोहमना	९	३	६		२			११	१	४४२
जनता मा.वि.	आमगाछी	५	३	९		३	१		१६	२	३०२
पार्वती मा.वि.	फर्साडांगी	९	१	१२		१			१४	२	३७९
आधारभूत विद्यालय	मधुबनी	६	१	३		१			५	१	१७५
लक्ष्मी आ.वि.	लक्ष्मीपुर	२	१	८		१			१०	१	२३८
ग्रामदेवता आ.वि.	दौलतपुर	३	१	२		१			४	१	७८
जनता मा.वि.	आमतोला	४	१	९		४	३		१७	२	३७९
आदर्श मा.वि.	शुक्रवारे	७	१	११		३	२		१७	२	४८०
निचामारी नि.मा.वि.	रंगेली	७	२	६		१			९	१	२५७
सार्वजनिक आ.वि.	धनापट्टी	५	१	४		१			६	१	११२
जनता मा.वि.	बहुवान	५	३	९		५			१७	२	५३४
रत्न मा.वि.	रञ्जनी	३	२	१४	२	१			१९	२	५००
सरस्वती आ.वि.	बेतौनाझोडा	२	१	२		२			५	१	१३६
महर्षि मेही आ.वि.	रंगेली	६	१	४					५	१	१७५
जलिया प्रा.वि.	जलिया	२	१	२					३	१	५५

विद्यालयको नाम	ठेगाना	वडा	वा.वि.स	स्थायी	करार	राहत	PCF	रिक्त दरन्दी	जम्मा दरवन्दी	वि.क	विद्यार्थी संख्या
अभिजितदत्त आ.वि.	रंगेली	७	२	२		१			५	१	१०४
प्रगतिशील मा.वि.	दौलतपुर	२	१	१३	२	१			१७	२	४१६
भगवती आ.वि.	लाटामोरङ भलुवा	२	३	८					११	१	२१२
लक्ष्मी प्रा.वि.	जमुवा	१	१	३					४	१	१४८
महेन्द्र आ.वि.	मंगलवारे	२	१	९		२			१२	१	३२१
नवज्योति आ.वि.	बबियाविर्ता	१	१	२					३	१	४५
श्री सार्वजनिक आ वि	रंजनी	३	१						१	०	१५
			४२	१९९	८	४५	१२	१	३०६	३९	

बेरुजु दफा ९१ सँग सम्बन्धित विवरण - अनुसूची -५

ठेक्का नं	निर्माण व्यवसायी	कार्य विवरण	सुरुको लागत अनुमान	सुरुको कवोल अंक	भेरिएसन पछिको लागत अनुमान	भेरिएसन पछिको कवोल अंक	भेरिएसन प्रतिशत	भेरिएसन रकम
५।२०७९।८०	प्रेरा।विष्णु।देवी डाडा जे.भी	सडक कालोपत्रे	५७५८४४२४०	४२१२२०८२८	६१९६२५५६५	४५६४८२७४७	८.३७	३५२६१९२०
१२।२०७७।७८	रविना।किरातेश्वर। अविसा जे.भी	कृषि भवन निर्माण	३३८५७६५१३	२२६९४०५२४	३७९२६०२९६	२५४९७१७२७	१२.३५	२८०३१२०३
७।२०७९।८०	शान्तीदेवी। रंगेली। कालीनांग जे.भी	रत्न मावि भवन निर्माण	३८८१५९१७	२७२५२०६३	४३६१७४२६	३०७१५४७५	१२.७१	३४६३४१२
२३।२०७७।७८	दाप्चा। सिमपानी जेभी	कोल्ड स्टोर निर्माण	७०४०४१३४	४५०८६४९२	७५२६८३७४	४९६६६४५८	१०.१५	४५७९९६५
१४।२०७९।८०	जगदम्बा निर्माण सेवा	सडक ग्राभेल	६४७४६३७	४८३३९३३	७०८९३७४	५३०२८४२	९.७०	४६८९०९

ठेक्का नं	निर्माण व्यवसायी	कार्य विवरण	सुरुको लागत अनुमान	सुरुको कवोल अंक	भेरिएसन पछिको लागत अनुमान	भेरिएसन पछिको कवोल अंक	भेरिएसन प्रतिशत	भेरिएसन रकम
१६।२०७९।८०	जगदम्बा निर्माण सेवा	कल्भर्ट निमार्ण	५४४४९८४	५१४६४२१	६३९८२१३	५६६०६५१	९.९९	९५३२२९
२१।२०७७।७८	नमुना हिमालयन जेभी	श्री स्टोरे भवन रंगेली अस्पताल	११५०२४१७३	७२७३९६४९	१२९८५३९४९	८३३९६७२७	१४.६५	१४८२९७७५
जम्मा								८७५८८४१३

बेरुजु दफा ९८ सँग सम्बन्धित विवरण - अनुसूची -६

निर्माण कार्य	निर्माण व्यवसायी	कबोल रकम	सम्पन्न गर्नुपर्ने मिति	यो वर्षसम्म खर्च (रु हजार)	भौतिक प्रगति %
NCB/G/१२/२०७७/०७८ रंगेली ७ कृषि थोक बजार निर्माण	रविना किरातेश्वर अविशा जे भी	२५४९७१७२७	२०८०।१०।३०	११०४०५	५५।००
NCB/W२१/२०७७/०७८ ।३ स्टोरी विल्डिङ निर्माण रंगेली अस्पताल	नमूना हिमालयन जे भी	८३६९६७२७	२०८०।९।३० (म्याद थप सहित)	४९३०५	६५।००
NCB/२३/२०७७/०७८ रंगेली न पा वडा नं ७ शितभण्डार निर्माण कार्य	दाप्चा सिम्पानी जे भी	४९६६६४५८	२०८०।३।१५ म्याद थप सहित	३२१८५	५५
NCB/W१३/२०७७/०७८ रंगेली ७ रंगेली न पाको प्रशासनीक भवन निर्माण कार्य	जोशिका/शान्ति/मचिन्द्र जे भी	२८७०४५०३	२०७९।११।३०	१७६१५	६०।००
NCB/W०९/२०७८/०७९ सडक कालोपत्रे निर्माण कार्य	पुष्पाञ्जली/जोया एण्ड ब्रदर्श जेभी	१८४२७७९२	२०८०।३।२०	१२३०२	५०

बेरुजु दफा १०१ सँग सम्बन्धित विवरण - अनुसूची -७

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	ग्राभेल सप्लाई गर्ने कार्य । (प्रति घ मी ल.ई. २१३५।७१, कबोल ११२४।३५)	NCB १/०७९/८०	काविल कन्ष्ट्रक्सन एण्ड सप्लायर्स पथरी	४२७१४२२६	२२४८७०००	४७.३५
२	पानी टंकी सहितको रोलिङ ग्रेडिङ । (प्रति कि.मी.)	NCB २/०७९/८०	कानेपोखरी वि एण्ड वि कन्सष्ट्रक्सन प्रा लि कानेपोखरी	२६५९८७	१३१०८०	५०.७२
३	सडक ग्रेडिङ गर्ने कार्य । (प्रति वर्ग मीटर)	NCB ३/०७९/८०	कानेपोखरी वि एण्ड वि कन्सष्ट्रक्सन प्रा लि कानेपोखरी	२१४८१३०	१८०८०००	१५.८३
५	सडक कालोपत्रे (अस्फाल्ट) डे«न, ड्रेन कोभर निर्माण ।	NCB ५/०७९/८०	परेरा/विष्णु/देवी डाँडा जेभि ईलाम	५७८८४४२४०	४२१२२०७७६	२७.२३
६	ट्रायल ट्रस ब्रिज निर्माण कार्य ।	NCB ६/०७९/८०	दुर्गा निर्माण सेवा	२५१४६२७	२०३८३९२	१८.९४
७	टु स्टोरे स्कुल भवन निर्माण रत्न मा.वि. रंजनी ।	NCB ७/०७९/८०	शान्ती देवी/रंगेली / कालीनाग	३८८१५९१७	२७२५२०६३	२९.७९
८	टु स्टोरे स्कुल भवन निर्माण प. मा.वि. रंगेली ।	NCB ८/०७९/८०	पिएमके/रंगेली/कालीनाग	३८८१५९१७	२८८३२२८२	२५.७२
९	फस्ट फ्लोर भवन निर्माण आर्दश मा.वि. रंगेली ।	NCB ९/०७९/८०	सिर्ष निर्माण सेवा	५८३११७३	४४८४००९	२३.१०
१०	फस्ट फ्लोर भवन निर्माण र ग्रिलको काम महालक्ष्मी मा.वि. दर्वेशा ।	NCB १०/०७९/८०	सिभाम्स निर्माण सेवा दोलखा	७२३५०५०	५३५२०७१	२६.०३
११	इलेक्ट्रीक विद्युत पोल जडान रंगेली बजार क्षेत्र ।	NCB ११/०७९/८०	एस एण्ड एस निर्माण सेवा दुहवी	६२०३८६०	५६७८७६७	८.४६
१२	कालोपत्रे सडक देखि रमानन्द घर हुँदै गुढी टोल जाने सडक ग्राभेल र पोखरीमा स्टेप सहितको प्लम कंकृट निर्माण ।	NCB १४/०७९/८०	जगदम्वा विपिन निर्माण सेवा	६४७४६३७	४८३३९३३	२५.३४

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१३	३ मी. स्पानको आर.सि.सि. कल्भर्ट निर्माण खद्रा खोला, रंगेली ३ र पि.सि.सि. रोड निर्माण आर.एम.सि. मेशिनबाट सुनिलको घर देखि पूर्व उत्तर हुँदै मेनरोड सम्म ।	NCB १६/०७९/८०	जगदम्वा विपिन निर्माण सेवा	५४४४९८४	५१४६४२१	५.४८
१४	सामुहिक आवास भवन निर्माण ।	NCB १७/०७९/८०	सिभाम्स निर्माण सेवा दोलखा	६३००४६३	४६८८४९५	२५.५८
१५	फस्ट फ्लोर माथी ट्रस्ट सहित २ स्टोरे वाड बिल्डिङ ।	NCB १८/०७९/८०	सिभाम्स निर्माण सेवा दोलखा	१०६६९५४२	८९१८६०८	१६.४१
१६	कम्पाउण्ड वाल, ड्रेन, लउण्ड्री सेक्सन, बिलिङ काउण्टर, वेटिङ हल, पार्किङ ग्यारेज, फिलिङ पेभर्स, डिस्म्याल्टीङ, इलेक्ट्रीकल रुम र मर्मत कार्य रंगेली अस्पताल ।	NCB १९/०७९/८०	आवरण मेटल ईन्जिनियरिङ कन्स्ट्रक्सन प्रालि भरतपुर	२१८७५४०९	२०३६८३८९	६.८९
१७	अशक्त विद्यार्थीहरुको लागि स्कूल भवन निर्माण रंजनी ।	NCB २५/०७९/८०	सिर्ष निर्माण सेवा	६८८६९९५	५०२६८८९	२७.०१
१८	काठमहल ड्रेन, सडक ग्राभेल सहित आर सि सि बक्स कल्भर्ट निर्माण काठमहल विरानटोल ।	NCB २६/०७९/८०	जगदम्वा विपिन निर्माण सेवा	६९९७२४७	५८८५६८५	१५.८९
१९	सिमाबाँध निर्माण रंगेली १ ।	NCB २७/०७९/८०	कालीनाग/रंगेली जेवि	३०००५७१०	२३३५१८९८	२२.१८
२१	विद्युतीय उपकरण सप्लाई तथा जडान कार्य ।	Goods ३०/०७९/८०	कैलाश ट्रेडिङ कम्पनी प्रा लि विराटनगर	३२५८८०७	३०५५२२१	६.२५
२२	स्ट्रीट लाईटको लागि विद्युतीय तार सप्लाई कार्य ।	Goods ३१/०७९/८०	पायोनियर ईलोक्ट्रो केवल्स प्रा लि विराटनगर	२५१९३८०	२२५५९३२	१०.४६

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
२३	४ ईन्च वि एस पिभिसि वोरिङ पाइप र १।५ ईन्च एनएस एचडीपिइ पाइप सप्लाइ	१३\२०७९\८०	प्रमि ईन्टरप्राईजेज धरान	५८५७१९५	५३८५७०६	८.०५
२४	कालोपत्रे सडक मर्मत जर्वी टोल शुक्रवारे तेलडिपो सडक	२९/२०७९/८०	विराज विल्डर्स एण्ड सप्लायर्स	६९३८०५९	६००५९२२	१३.४४

बेरुजु दफा १०३ सँग सम्बन्धित विवरण - अनुसूची -८

क्र. स.	योजनाको नाम	निर्माण व्यवसायी	संझौता मिति	सम्पन्न मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति %
१	थोक कृषि बजार निर्माण ।	रविना/किरँतेश्वर/अविशा जे.भी.काठमाण्डौं	१०/२७/२०७७	१०/३०/२०८०	११०४०५.८६	४३.५
२	प्रशासनिक भवन निर्माण न.पा.को ।	जेशिका/शान्ति/मचिन्द्र जे.भी.तेह्रथुम	११/०३/२०७७	११/३०/२०७९	१७६१५.४९५	६१.४
३	३ स्टोरिय बिल्डिङ निर्माण रंगेली अस्पताल ।	नमूना/हिमालयन जे.भी.बिराटनगर	०३/२१/२०७८	०३/२०/२०८०	४९३०५.६७७	६७.८
४	कोल्डस्टोर निर्माण रंगेली ७ ।	दाप्चा/सिम्पनी जे.भी.चरिकोट	०३/०४/२०७८	०३/१५/२०८०	३२१८५.२०८	७१.४
५	बक्स कल्भर्ट निर्माण कयर खोला जिरायत, सिचाँई बाँध समावेसी चौक, नहर गेट निर्माण स्कुल पश्चिम जिरायत ।	वीर निर्माण सेवा, रतुवामाई	०६/१३/२०७८	०९/३०/२०७९	४७४८.५४	५६.०१
६	सडक कालोपत्रे (अस्फाल्ट कंक्रिट), आर.सि.सि. डे«न र डे«न कोभर समेत गया साहको घर दक्षिण र ननकार टोल रंगेली ६, हरि कटुवालको घर देखि झमेलीको घर र जगरनाथको घर देखि देवानन्दको घर रंगेली ७, नारायण साहको घर हुँदै उत्तर जाने रोड रंगेली ८ ।	पुष्पाञ्जली/जोया एण्ड ब्रोदर्स जे.भी. इनरुवा	०७/१६/२०७८	२०८०/०३/२४	१२३०२.७८६	६६.७६
७	वडा नं. ५ र ६ को वीचमा रहेको घाघी खोला माझी टोल दक्षिण संथाल बस्ती जाने सडकमा ५.५५ मी. ट्रिपल स्पानको बक्स कल्भर्ट ।	वीर निर्माण सेवा, रतुवामाई	०६/१९/२०७८	०९/२९/२०७९	३४२२.१२	३०.३७

८	बिरनीया टोल सडक, बिरान टोल बेतौना संथाल टोलमा बक्स कल्भर्ट, पोखरी टोलको पोखरीमा रिटेनिङ वाल र आमतोला अर्जुन कार्की घर उत्तर रिटेनिङ वाल निर्माण	ड्रागन–चौधरी जे.भी.,जनकपुर	०७/०१/२०७८	२०८०/०३/१५	२०१५.७३९	३४.७६
९	कल्भर्ट निर्माण डाँगा टोल (खुशीलाल घर अगाडि), साहु–सहनी टोल रंगेली ६, लवटोली रंगेली ७, गेरुवा खोला चिहाँन डाँडा रंगेली ८, बेलचौक दोहमाना सडक रंगेली ९ ।	ड्रागन–चौधरी जे.भी.,जनकपुर	०७/०१/२०७८	०३/१५/२०८०	५१४.३९४	७.२२
१०	आमगाछीको पोखरीमा स्टेप निर्माण, सशस्त्र बेस क्याम जाने सडकमा बक्स कल्भर्ट रंगेली ५, जनता मा.वि.आमतोला र रंगेली कब्रिस्तान रंगेली ७ मा कम्पाउण्ड वाल निर्माण	सयपत्री मल्टीप्रपोज कम्पनी प्रा.लि.वेलवारी	०७/११/२०७८	०९/३०/२०७९	१३३६.७८४	२७.५८
११	प्रशासनिक भवन निर्माण ए र वी	नमुना कन्स्ट्रक्सन बिराटनगर	०२/०५/२०७९	०३/२०/२०८१	१३१६२.८८४	२९.९७

बेरुजु दफा १०४ सँग सम्बन्धित विवरण - अनुसूची -९

ठेक्का नं	ठेक्काको विवरण	सम्झौता मिति	सम्झौतारकम	सम्पन्नगर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	म्याद थप अवधि	सुरु अवधिको म्याद थप
NCB/W२१/२०७७/०७८ ।३ स्टोरी विल्डिङ निर्माण रंगेली अस्पताल	नमूना हिमालयन जे भी	२०७७।०७८	८३६९६७२७	२०७९।३।३१	४९३०५६७७	२०८०।९।३०	१८ महिना
NCB/२३/२०७७/०७८ रंगेली न पा वडा नं ७ शितभण्डार निर्माण कार्य	दाप्चा सिम्पानी जे भी	२०७७।०७८	४९६६६४५८	२०७९।१।३१	३२१८५२०८	२०८०।३।१५	१४ महिना
NCB/W१३/२०७७/०७८ रंगेली ७ रंगेली न पाको प्रशासनीक भवन निर्माण कार्य	जोशिका/शान्ति/मचिन्द्र जे भी	२०७७।१०।१५	२८७०४५०३	२०७८।९।३०	१७६१५४९५	२०८१।३।३०	३० महिना
NCB/W०९/२०७८/०७९सडक कालोपत्रे निर्माण कार्य	पुष्पाञ्जली/जोया एण्ड ब्रदर्श जेभी	२०७८।७।१६	१८४२७७९२	२०७९।३।२०	१२३०२६८६	२०८१।३।३०	२४ महिना